प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

# नेपालको पूर्वी पहाडी भेगमा वन, भूमि र जैविक विविधताको दिगो व्यवस्थापनको लागि क्षमता अभिवृद्धि आयोजना

## आयोजना व्यवस्थापन इकाई

कोशी प्रदेश, विराटनगर, नेपाल

पत्र संख्या: २०८१/८२

चलानी नम्बर: २४

मिति २०८१/१०/०८

विषयः "कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८१" पठाईएको बारे ।

श्री प्रदेश वन निर्देशनालय, धरान

श्री डिभिजन वन कार्यालय, इलाम

श्री डिभिजन वन कार्यालय, पाँचथर

श्री डिभिजन वन कार्यालय, तेह्रथुम

श्री डिभिजन वन कार्यालय, ताप्लेजुङ्ग

श्री डिभिजन वन कार्यालय, सखुवासभा

उपरोक्त सम्बन्धामा पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहेको "नेपालको पूर्वी पहाडी भेगमा रहेका वन, भूमी तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि क्षमता अभिवृद्धि आयोजनाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको लागि **"कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८१"** मिति २०८१/१०/०७ गते माननीय मन्त्रीस्तरको निर्णयले स्वीकृत भएकोले सोही वमोजिम कार्यान्वयन हुन यसै साथ राखि पठाईएको व्यहोरा अनुरोध छ ।

२०८१/१०/०८

अखलेश कुमार गुप्ता

आयोजना संयोजक

# मिति २०८१/१०/०६को मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

# FLB- Eastern Hills को कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८१

मा. सदानन्द मण्डल
मन्त्री

प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

कोशी प्रदेश, विराटनगर

नेपालको पूर्वी पहाडी भेगमा रहेका वन, भूमी तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि क्षमता अभिबृद्धि आयोजना

आयोजना व्यवस्थापन इकाई

विराटनगर, मोरङ

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

FLB Budget
१९/१०/०३

प.सं. :- २०८१/८२

च.नं. :- ६२७

मिति :- २०८१/१०/०३

ने.स. :- ११४५ पोहेलागा ३ बिहीवार

विषय: सहमति सम्बन्धमा

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश
दुर्गा चौक

प्रस्तुत विषयमा पर्यटन, वन तथा वातावरण मन्त्रालयको च.नं.८०२ मिति २०८१/०९/२२ गतेको मार्गदर्शन तयारीका लागि सहमति सम्वन्धी पत्रको सन्दर्भमा नेपालका पूर्वी पहाडी कोशी प्रदेशमा रहेको वन, भूमी तथा जैविक विविधताको दिगो व्यवस्थापनको लागि क्षमता अभिवृद्धी विषयक परियोजनाको कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८१ तयार गर्न यस मन्त्रालयको सहमति माग भई आएकोमा प्रस्तावित मार्गदर्शनको कार्यान्वयनवाट थप आर्थिक दायित्व सिर्जना नहुने गरि तयार गर्न प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) अनुसार सहमति प्रदान गरिएको मिति २०८१/१०/०२ को मा.मन्त्रिस्तर निर्णयानुसार जानकारीका लागि अनुरोध छ ।

कोशी प्रदेश
दर्ता नं. १८८८
दर्ता मिति २०८१/१०/०३

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Preeti Karna
priteeka03@gmail.com

(प्रिती कर्ण)
शाखा अधिकृत

विशाल घिमिरे
प्रदेश सचिव

विषय-सूची

परिचय ........ १
परिच्छेद -१ ........ २
प्रारम्भिक ........ २
१.१ संक्षिप्त नाम र प्रारम्भ ........ २
१.२ परिभाषा ........ २
१.३ कार्यविधिको उद्देश्यहरु ........ ३
परिच्छेद-२ ........ ४
२.१ कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन ........ ४
२.२ कार्यक्रम अनुगमन ........ ५
२.३ प्रगति प्रतिवेदन ........ ६
परिच्छेद-३ ........ ७
३.१ PAMEB को फिल्ड-परीक्षण र पाइलटिङ गर्ने (२२६११) ........ ७
३.२ आयोजना निर्देशन समिति सदस्यहरुको फिल्ड अनुगमन भ्रमण (२२६११) ........ ७
३.३ आयोजना निर्देशन समिति बैठक (२११३४) ........ ८
३.४ प्राविधिक समितिको बैठक (२११३४) ........ ८
३.५ राष्ट्रिय/क्षेत्रीय/ विश्वव्यापी कार्यक्रममा सहभागीता (२२६१२) ........ ९
३.६ सञ्चार र श्रव्य उत्पादन र प्रसार (श्रव्य भिजुअल, लीफलेट, ब्रोसर) (३११५७) ........ ९
३.७ विभिन्न कागजातहरूको अनुवाद (सचेतना सामग्री, मार्गदर्शन, प्रतिवेदन आदि) (२२५२२) ........ १०
३.८ नक्सा र सान्दर्भिक जानकारी सम्बन्धी प्रचारप्रसार (२२५२२) ........ १०
३.९ स्थानीय तहहरुवीचमा आयोजना स्थल अवलोकन भ्रमण (२२६१२) ........ १०
३.१० वन/वातावरण/वन्यजन्तु/वनस्पति/जैविक विविधता आदि सम्बन्धी दिवस/ महोत्सव (दिवश, समारोह, सभा (वन/वातवरण/वन्यजन्तु/वनस्पति आदि) (२२५२२) ........ ११
३.११ जैविक विविधता र दिगो भूमी व्यवस्थापनका लागि प्रादेशिक र स्थानीय नीति र योजना ढाँचामा कार्यशाला/समीक्षा वैठक (२११३४) ........ १२
३.१२ मन्त्रालयमा बहु-सरोकारवाला समन्वय/समीक्षा बैठक (प्रदेश स्तर) (२११३४) ........ १२
३.१३ ऐन, नियम, कार्यविधि, निर्देशिका तयारीमा प्रदेश मन्त्रालयलाइ सहयोग गर्ने (प्रादेशीक ऐन, नियम, नियमावली, निर्देशिका, मापदण्ड आदि निर्माण (मस्यौदा तयारी, छलफल/ अन्तरक्रिया/बैठक) (२११३४) ........ १३
३.१४ ३४ वटा भूपरिधि नीति र भू-उपयोग योजनाहरू तयार गर्न प्रदेश मन्त्रालय र स्थानीय तहहरूलाई सहयोग गर्ने (२२५२२) ........ १३
३.१५ जैविक विविधता नक्सांकन / अनुगमनका लागि उपकरण (३११२२) ........ १४
३.१६ क्यामेरा, मल्टिमिडिया र अन्य उपकरणहरू खरिद (३११२२) ........ १४
३.१७ कम्प्यूटर, ल्यापटप र आयोजना कर्मचारीका लागि अन्य उपकरणहरु (३११२२) ........ १४
३.१८ सवारी साधन (४-WD कार-१*, मोटरसाइकल १, स्कुटर २) (३११२१) ........ १५
३.१९ PAMEB सम्बन्धित जानकारी सम्प्रेषण (३११५७) ........ १५
३.२० लैङ्गिक र जैविक विविधता-संवेदनशील स्थानीय स्तरको भूमी प्रयोग योजना प्रक्रियालाई सहज बनाउन उपकरणहरू, स्रोतहरू र सञ्चार सामग्रीहरूको विकास/अनुकूलन गर्ने (३११२२) ........ १६

३.२१ लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) प्रशिक्षण पुस्तिका तयारी (३११५७)................ १६
३.२२ आयोजनाको आधार रेखा अद्यावधिक गर्ने (३११५७)................................................................ १७
३.२३ CFUG/LFUG स्तरको डाटा बेस विकास र GESI प्रोफाइल तथा प्रतिवेदन तयार गर्ने (३११५७)... १७
३.२४ भूमी क्षयीकरण तटस्थता र जैविक विविधता संरक्षणमा भूपरिधिय नीति र भूउपयोग योजना तयारीमा सहयोग (३११५७)........................................................................................................ १८
३.२५ भू-उपयोग नक्साङ्कन र योजनामा भूपरिधि, भूमी क्षयीकरण तटस्थता र जैवविविधता सम्वन्धी जानकारीलाई एकीकृत गर्न उपकरणहरू विकास गर्ने (३११२२)........................................................ १८
३.२६ अनियोजित पूर्वाधार निर्माणबाट उत्पन्न हुने जैविक विविधताको खतराहरू पहिचान गरी भूपरिधिय र भू-उपयोग नक्साको उत्पादन र सूचना प्याकेजलाई नेपाली भाषामा अनुवाद गर्ने (३११५७)........................ १९
३.२७ कोशी प्रदेशको जैविक विविधता प्रोफाइल तयारी र प्रकाशन (३११५७)........................................ १९
३.२८ ऐन, नियम, कार्यविधि, निर्देशिका छपाई/ प्रकाशन (२२५२१)........................................................ २०
३.२९ दिगो भूमी व्यवस्थापन, भूमी क्षयीकरण तटस्थता र जैविक विविधता व्यवस्थापनमा कोशी प्रदेश र ३४ वटा स्थानीय तहको संस्थागत क्षमता मूल्याङ्कन (३११५७)............................................................ २०
३.३० वन व्यवस्थापन र जैविक विविधता संरक्षणको मोडल बारे अध्ययन (रतुवामाई वृक्षारोपण आयोजना) (३११३५) ........................................................................................................................ २१
३.३१ राष्ट्रिय परामर्शदाता भर्ना (२२४१९)......................................................................................... २२
३.३२ वित्त सहायक (२२४१९)............................................................................................................ २३
३.३३ वन अधिकृत (२२४१९)............................................................................................................. २३
३.३४ KMIS र FMIS मा सरकारी अधिकारीहरू, FECOFUN, BCN, स्थानीय स्तरहरू र CFUG लाई तालिम दिने (२२५१२)........................................................................................................ २४
३.३५ योजनाको तर्जुमा सम्वन्धी साझेदार संस्थाहरू र सरकारी निकायहरूका लागि प्रशिक्षण कार्यक्रम (२११३४)........................................................................................................................ २४
३.३६ दिगो भूमी व्यवस्थापन, भूमी क्षयीकरण तटस्थता र जैविक विविधता (SLM, LDN र BD) मा स्थानीय स्तरको योजना/समीक्षा कार्यशाला (२११३४)....................................................................... २५
३.३७ स्थानीय स्तर, DFO कर्मचारी, स्थानीय संरक्षण समूह र वन समुहका लाई SLM, LDN र BD संरक्षण र अनुगमन संबन्धित क्षमता अभिबृद्धि तालिम (२२५१२)........................................................ २५
३.३८ सामुदायिक वन उपभोक्ता समूह र स्थानीय तहहरूलाई जैविक विविधताको सहभागितामूलक अनुगमन र मूल्याङ्कन (PAMEB) मा तालिम (२२५१२)............................................................................ २६
३.३९ दिगो भूमी व्यवस्थापन, भूमी क्षयीकरण तटस्थता र जैविक विविधता (SLM, LDN र BD) मा सरोकारवाला परामर्श बैठकहरू (२११३४)................................................................................................ २७
३.४० लाभ बाँडफाँडमा महिला, सीमान्तकृत र जोखिममा परेका समूहहरूको शैक्षिक तथा सचेतना र अभिवृद्धि गराउने तालिम (सरकार र परियोजनाको पहलमा) (२२५१२).............................................................. २७
३.४१ स्थानीय तहको भूउपयोग योजनामा जैविक विविधता र भूमी क्षयीकरण तटस्थता लाई एकीकृत गर्न स्थानीय तहलाई सहयोग गर्ने (२२५१२)................................................................................................ २८
३.४२ सामुदायिक वन्यजन्तु शिकार र अग्नि नियन्त्रण संजालको क्षमता विकास (२२५१२)........................ २८
३.४३ भूपरिधि पुर्नस्थापनाको लागि सामग्री तथा साना उपकरण सहयोग (वन्यजन्तु शिकार र अग्नि नियन्त्रण) (३११२२)........................................................................................................................ २९

विशाल घिमिरे
प्रदेश सचिव

३.४४ उद्यमी र स्थानीय स्रोत व्यक्तिहरूको लागि प्रशिक्षक प्रशिक्षण तालिम (ToT)................................. ३०
३.४५ बजार/बजारीकरण र उत्पादन प्रविधिहरूमा महिला र सीमान्तकृत समूहहरूलाई तालिम दिने (२२५१२) . ३०
३.४६ सामुदायिक वन उपभोक्ता समूह र व्यक्तिगत उत्पादकहरूलाई व्यवसाय विकास प्रशिक्षण(२२५१२)....... ३१
३.४७ वन उत्पादन/गैरकाष्ठ वन पैदावार (१ उद्यम विकास, १ संजाल गठन सहयोग) मा आधारित सामुदायिक उद्यमहरू प्रवर्द्धन गर्ने (२२५२२) ............................................................................ ३१
३.४८ रूख/ जडीबुटी तथा गैरकाष्ठ वन पैदावार नर्सरीहरूको लागि सामग्री सहयोग (३११५७).................... ३२
३.४९ बिरुवाको उत्पादन/खरीद (३११५७)......................................................................... ३३
३.५० भूमी व्यवस्थापन र जैविक विविधता संरक्षणका लागि सामग्री, औजार, साना उपकरण सहयोग................ ३४
३.५१ पुर्नस्थापना क्रियाकलापहरुको योजना र कार्यान्वयनमा DFOs, CFUGs, LFUGs र CBOs लाई सहयोग गर्ने (३११५७)............................................................................ ३४
३.५२ कृषि कार्यका लागि औजार तथा साना उपकरण सहयोग (३११२२)............................................. ३६
३.५३ मूल्य श्रृंखला र बजार विकासको लागि सामग्री तथा साना उपकरणहरू (३११२२).......................... ३६
३.५४ दिगो भूमी व्यवस्थापनका उपायहरू लागू गर्न CFUG सदस्यहरू र किसानहरूलाई सहयोग गर्ने (३११२२)............................................................................ ३७
३.५५ स्थानीय तहको सूचना प्रविधि क्षमता र पूर्वाधारलाई सुदृढ गर्ने (२२५१२) ...................................... ३७
३.५६ दिगो वन व्यवस्थापनका लागि औजार तथा साना उपकरण सहयोग (३११२२) ............................... ३८
३.५७ CFUG, LFUG को स्थानीय श्रोत व्यक्तिहरु मार्फत कार्य योजना संशोधन (३११५७).................... ३८
३.५८ गरिबहरुको लागि जीविकोपार्जन सुधार योजना (LIP) को तयारी र कार्यन्वयनमा CFUG लाइ सहयोग गर्ने (३११५७)............................................................................ ३९
३.५९ ठोस फोहर व्यवस्थापन र वातावरणीय सरसफाई सम्बन्धि स्थानीय तहहरु संग क्षमता अभिवृद्धि कार्यक्रम (२२५१२)............................................................................ ३९

विशाल घिमिरे
प्रदेश सचिव

# संक्षिप्त रुप

| | |
|---|---|
| AWP/B | Annual Work Plan and Budget |
| BCN | Bird Conservation Nepal |
| BD | Biodiversity |
| CBOs | Community-Based Organization |
| CFUG | Community Forest User Group |
| DFO | Division Forest Office |
| ESMF | Environmental and Social Management Framework |
| ESMP | Environmental and Social Management Plan |
| FAO | Food and Agriculture Organization of the United Nations |
| FECOFUN | Federation of Community Forest Users Nepal |
| FGD | Focal Group Discussion |
| FLB | Forest, Land and Biodiversity |
| FMIS | Forest Management Information System |
| FPIC | Free, Prior and Informed Consent |
| GEF | Global Environment Facility |
| GESI | Gender Equality and Social Inclusion |
| GIS | Geographic Information System |
| IPP | Indigenous People Plan |
| KMIS | Knowledge Management Information System |
| LDN | Land Degradation Neutrality |
| LFUG | Leasehold forest user groups |
| LIP | Livelihood Improvement Plans |
| MoTFE | Ministry of Tourism, Forests and Environment |
| PAMEB | Participatory Assessment, Monitoring, and Evaluation of Biodiversity |
| PFD | Province Forest Directorate |
| PMU | Project Management Unit |
| PSC | Project Steering Committee |
| PSU | Project Support Unit |
| RS | Remote Sensing |
| SIMP | Social Inclusion Management Plan |
| SLM | Sustainable Land Management |
| ToR | Terms of Reference |
| ToT | Training of Trainers |

विशाल घिमिरे
प्रदेश सचिव

# परिचय

विश्व वातावरणीय सुविधा (**Global Environment Facility- GEF**) को आर्थिक सहयोगमा नेपाल सरकार तथा संयुक्त राष्ट्र संघ, खाद्य तथा कृषि सङ्गठन (**FAO**) बीच सन् २०२३ अप्रिल २६ मा सम्झौता भई नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश र संयुक्त राष्ट्र संघ, खाद्य तथा कृषि सङ्गठनको संयुक्त प्रयासबाट नेपालको पूर्वी पहाडी भेगमा रहेका वन, भूमि तथा जैविक विविधताको दिगो व्यवस्थापनको लागि क्षमता अभिवृद्धि आयोजना (**FLB- Eastern Hills**) कार्यान्वयनमा रहेको छ। यस आयोजनाको अवधि ४ वर्ष (अप्रिल २०२३ देखि अप्रिल २०२७) रहेको छ भने कूल अनुदान ४.१८ मिलियन यू.एस डलर अर्थात करिव रु ५५ करोड रहेको छ। यस आयोजनाको कार्यान्वयन क्षेत्र पाँचथर, तेह्रथुम, संखुवासभा, इलाम र ताप्लेजुङ्ग जिल्लाहरु रहेका छन्। आयोजना कार्यान्वयनका लागि कोशी प्रदेशको पर्यटन, वन तथा वातावरण मन्त्रालयमा एउटा आयोजना व्यवस्थापन इकाई र जिल्लास्तरमा डिभिजन वन कार्यालय अन्तर्गत पाँचवटा आयोजना सहयोग इकाईहरु रहेका छन्। यो आयोजनाको कार्यक्षेत्र जैविक विविधताले भरिपूर्ण पूर्वी नेपालको तिनजुरे-मिल्के-जलजले, माई उपत्यका र तमोर उपत्यका क्षेत्रमा केन्द्रित छ। यस आयोजनाले कोशी प्रदेशको २६१०९.७ वर्ग कि.मि क्षेत्रफलमध्ये ३५७५ वर्ग कि.मि ओगटेको छ भने ८८ वटा स्थानीय तहमध्ये ३४ वटा स्थानीय तहहरु समेटेको छ जसबाट १,५३,३४० को हाराहारीमा घरधुरी लाभान्वित हुने अपेक्षा गरिएको छ।

यस आयोजनामा विनियोजन भएको रकमबाट विभिन्न कार्यक्रम र क्रियाकलापहरु विभिन्न निकायहरुले सम्पादन गर्नु पर्ने भएकोले मिल्दाजुल्दा क्रियाकलाप समान मापदण्ड अनुसार कार्यान्वयन होउन् र कार्यान्वयन गर्ने निकाय/कार्यालय, संस्था र व्यक्तिलाई सहज र सरल होस् भन्ने उद्देश्यले आ. व. २०८१/८२ का लागि स्वीकृत कार्यक्रमहरुका लागि कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मार्गदर्शन जारी गरेको छ।

विशाल घिमिरे
प्रदेश सचिव

## परिच्छेद -१

## प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भ

(क) यो मार्गदर्शनको नाम **"नेपालको पूर्वी पहाडी भेगमा रहेका वन, भूमी तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि क्षमता अभिबृद्धि आयोजना कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८१"** रहेको छ ।

(ख) यो मार्गदर्शन पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेशबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

### १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) **"आयोजना"** भन्नाले नेपालको पूर्वी पहाडी भेगमा रहेका वन, भूमी तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि क्षमता अभिबृद्धि आयोजना सम्झनु पर्दछ ।

(ख) **"समूह"** भन्नाले कार्यान्वयन निकायले कार्यक्रम सञ्चालनको लागि गठन गरेका कृषक समूह, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन उपभोक्ता समूह, महिला समूह जस्ता प्रचलित कानून बमोजिम गठन भई क्रियाशिल रहेका समूह वा सो समूहबाट कुनै कार्यका लागि गठित उपसमितिलाई बुझाउँछ ।

(ग) **"कार्यक्रम"** भन्नाले वन, भूमी तथा जैविक विविधताको दिगो व्यवस्थापनका लागि क्षमता अभिबृद्धि आयोजनाको कार्यक्रम तथा वार्षिक कार्यक्रम तथा योजनामा परेका क्रियाकलापहरु र सम्झौता बमोजिमका क्रियाकलापहरु समेत सम्झनु पर्दछ ।

(घ) **"कार्यान्वयन निकाय"** भन्नाले आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने आयोजना व्यवस्थापन इकाई (PMU) र पाँच वटा आयोजना सहयोग इकाई (PSU) सम्झनु पर्दछ।

(ङ) **"बजेट नोट"** भन्नाले नेपाल सरकार, खाद्य तथा कृषि सङ्गठन तथा विश्व वातावरणीय सुविधा बीच भएको सम्झौता अनुसारको बजेट नोट सम्झनु पर्दछ ।

(च) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेश सरकार मातहतको पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सम्झनु पर्दछ ।

(छ) **"स्थानीय तह"** भन्नाले नगरपालिका, गाउँपालिका र तिनका वडाहरूलाई समेत जनाउनेछ।

विशाल घिमिरे
प्रदेश सचिव

## १.३ कार्यविधिको उद्देश्यहरु

(क) कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरु तथा कृयाकलापहरुको बारेमा थप स्पष्टता प्रदान गर्न,

(ख) कार्यक्रम सञ्चालनमा कार्यान्वयनगत एकरुपता तथा समान बुझाई ल्याउन,

(ग) सम्पादित कार्यको प्रभावकारिता, परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता प्रदान गर्न,

(घ) सञ्चालित कृयाकलापको दिगोपना सुनिश्चित गर्न,

(ङ) सरल तथा सहज तरिकाबाट सेवा प्रवाह गर्न ।

विशाल घिमिरे
प्रदेश सचिव

## परिच्छेद-२
## कार्यक्रम कार्यान्वयन मार्गदर्शन र प्रारम्भिक प्रकृया

### २.१ कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन

स्वीकृत वार्षिक कार्यक्रम सञ्चालनको क्रममा सबै कार्यक्रमहरू सञ्चालनको लागि आकर्षित हुने प्रक्रिया तथा मार्गनिर्देशन निम्नानुसार रहेका छनः-

२.१.१ स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको परिमाण र विनियोजित बजेटको परिधिभित्र रही कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ। आयोजनाको कम्पोनेण्टहरुलाई बजेट नोट सहितको विभिन्न अन्तरसम्बन्धित कृयाकलापहरुमा विभाजन गरी PMU र DFO द्वारा कार्यान्वयन गर्ने गरी व्यवस्था मिलाइएको हुँदा समग्र कम्पोनेण्टहरुलाई निष्कर्षमा पुऱ्याउन सवै "कार्यान्वयन निकाय" हरुबाट एक आपसमा समन्वयात्मक रुपमा कार्य गर्नु पर्नेछ।

२.१.२ कार्यक्रम सञ्चालन गर्दा प्रदेश विनियोजन ऐन, २०८१, र प्रदेश आर्थिक ऐन, २०८१, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७, कोशी प्रदेश प्रदेश वातावरण संरक्षण ऐन, २०७६, कोशी प्रदेश प्रदेश वातावरण संरक्षण नियमावली, २०७७, कोशी प्रदेश प्रदेश वन ऐन, २०७७, कोशी प्रदेश प्रदेश वन नियमावली, २०८०, सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९, सार्बजनिक निकायमा स्वदेशी बस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१, मन्त्रालयको योजना तथा कार्यक्रम संचालन कार्यबिधि, २०७७ एवं अन्य प्रचलित कानूनहरूको प्रावधानहरू बमोजिम गर्नु पर्नेछ ।

२.१.३ कार्यक्रम सम्बन्धी सर्भे, डिजाईन, ड्रईङ्ग/नक्सा तयार भएपछि कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यकता अनुसार सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम लागत अनुमान/लगत इष्टिमेट (ल.ई.) तयार गरी आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, सेवाप्रदायक, उपभोक्ता समिति वा लाभग्राही समूहबाट काम गराउने वा अमानतबाट कार्य सञ्चालन गर्न गराउन सकिनेछ ।

२.१.४ सम्वन्धित डिभिजन वन कार्यालय/स्थानीय वन समूह/स्थानीय तहसँग आवश्यक समन्वय/सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकता अनुसार संघ, प्रदेश तथा जिल्लास्थित अन्य सरोकारवाला निकायहरूसँग समन्वय गर्नु पर्नेछ ।

२.१.५ वन, भुमी र जैविक विविधता संरक्षण सम्बन्धी कार्यहरु जस्तैः वृक्षारोपण, अग्नी रेखा निर्माण, तारवार, आदि जस्ता कार्यक्रमहरु सामुदायिक/कबुलियती वनक्षेत्रभित्र कार्यान्वयन

गर्नु पर्ने भएमा सम्बन्धित वन उपभोक्ता समूह मार्फत वा सो अन्तर्गतको निर्माण समितिबाट सञ्चालन गर्न प्राथमिकता दिइनेछ।

२.१.६ कार्यक्रमहरूको लगत इष्टिमेट (ल.ई.) तयार गर्दा (*निर्माण कार्यको हकमा अनिवार्य रुपमा ड्रइङ्ग/नक्सा तयार गरी*) नेपाल सरकार/प्रदेश सरकारले स्वीकृत गरेको नर्मस, सम्वन्धित जिल्लाको स्वीकृत दररेट तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको आधारमा गर्नु पर्नेछ ।

२.१.७ कार्यक्रम सञ्चालन गर्दा गरीव, विपन्न तथा सीमान्तकृत वर्ग र महिला तथा आदिवासी जनजातीको जीवनमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्न सक्ने तर्फ केन्द्रित हुनुपर्ने छ । नयाँ वन अतिक्रमण हुने गरी कुनै पनि कार्यक्रम सञ्चालन गर्नु गराउनु हुँदैन।

२.१.८ आयोजनाका कृयाकलापहरु संचालन गर्दा वातावरण समाजिक व्यवस्थापन योजना एवं लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षलाई ध्यान दिनु पर्नेछ।

२.१.९ उपभोक्ता समूहले सम्झौता गरे बमोजिमको योजना आफैले सम्पन्न गर्नुपर्नेछ। योजनाको स्याहार, सम्भार र मर्मत गर्ने दायित्व उपभोक्ता समूहको हुनेछ। उपभोक्ता समूहले जिम्मा लिएको योजनाको काम कुनै निर्माण व्यवसायी वा कन्ट्रयाक्टरबाट गराउन पाईने छैन।

२.१.१० कार्यक्रम सञ्चालन स्थलमा लगत इष्टिमेट लगायत आयोजनासँग सम्बन्धित अन्य अत्यावश्यक र महत्वपूर्ण जानकारी तथा विवरणहरू खुल्ने गरी होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ। होर्डिंग बोर्डको साइज कम्तिमा ५ x ४ वर्गफिटको हुनु पर्नेछ।

२.१.११ यस कार्यविधिमा उल्लेख नभएका क्रियाकलाप तर स्वीकृत वार्षिक कार्यक्रम अनुरूप कार्य सम्पादन गर्नु पर्ने भएमा प्रचलित ऐन, नियम, नर्मस्, निर्देशिका तथा कार्यविधिको परिधिभित्र रही कार्यान्वयन गर्नु पर्नेछ ।

२.१.१२ कार्यक्रम कार्यान्वयन गर्दा गराउँदा कामको परिमाण र गुणस्तरमा कुनै कमी कमजोरी वा लापरवाही नहुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२.१.१३ स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने पूर्वतयारी, स्थलगत अनुगमन, कार्यक्रम स्थान छनौट, विरुवा उत्पादन, खरिद, निर्माण, वृक्षारोपण, तारबार, मर्मत संभार, संरक्षण इत्यादि कार्यको कार्यान्वयन अवधिलाई आधार मानी कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाउनु पर्नेछ।

## २.२ कार्यक्रम अनुगमन

२.२.१ यस आयोजनाको कार्यक्रम आवश्यकता अनुसार PSC, PMU, Project Technical Committee, PSU's को प्राविधिक, मन्त्रालय र वन निर्देशनालयको प्रतिनिधि सहितको संयुक्त टोलीले आवश्यकता अनुसार कार्यक्रमहरूको संयुक्त अनुगमन गरी आवश्यक पृष्ठपोषण गर्न सक्नेछ ।

## २.३ प्रगति प्रतिवेदन

२.३.१ कार्यक्रम कार्यान्वयन गर्ने सबै निकायले कार्यक्रमको माईल स्टोन/मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन अनिवार्य रुपमा तोकिएको समयमा PMU मा हार्ड कपि तथा विद्युतीय (Electronic/digital) कपि पठाउनु पर्नेछ।

२.३.२ कार्यान्वयन निकायहरुवाट पेश भएका प्रगतिहरु सङ्कलन (Compile) गरी PMU ले आवश्यकता अनुरुप FAO-CO/GEF तथा वन तथा वातावरण मन्त्रालयमा त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन पठाउनु पर्नेछ।

तर, काबु बाहिरको परिस्थिति सिर्जना भई त्रैमासिक रुपमा प्रतिवेदन पेश गर्न सक्ने अवस्था नभएमा दुवै त्रैमासिकको विवरण छुट्टिने गरी अर्धवार्षिक रुपमा प्रतिवेदन पेश गर्न बाधा पर्ने छैन।

२.३.३ त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदनहरु राष्ट्रिय योजना आयोगको निर्देशित ढाँचा वमोजिम तयार गर्नु पर्नेछ।

२.३.४ आयोजना दस्तावेजमा निर्देशित गरिए बमोजिम त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा GEF Budget note सहितको प्रगती प्रतिवेदन तयार गरी FAO-CO/GEF मा पठाउनु पर्नेछ।

२.३.५ कार्यक्रम कार्यान्वयन निकायले सम्पादन गरेका हरेक कार्यक्रम तथा क्रियाकलापहरूको पार्श्वचित्र (Activity Profile) वनाउन सक्नेछ।

२.३.६ सबै कार्यक्रम कार्यान्वयन निकायवाट वार्षिक प्रगति प्राप्त भए पछि PMU ले प्रगतिहरूको सङ्कलन (Compile) गरी आवश्यकता अनुरुप प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन गर्न सक्नेछ।

२.३.७ आयोजनाको कार्यक्रम सञ्चालन एवं प्रतिवेदनहरु तयार गरी विभिन्न निकायहरुमा पेश गर्न PMU र PSU ले एक अर्कालाई सहयोग उपलब्ध गराउनु पर्नेछ । यसका लागि सेवा प्रदायक संस्था वा व्यक्तिको सेवा खरिद गर्नु परेमा PMU ले आवश्यकता अनुसार थप सेवा नियमानुसार खरिद गर्न सक्नेछ।

विशाल घिमिरे
प्रदेश सचिव

परिच्छेद-३

## आयोजना व्यवस्थापन इकाईबाट गर्ने कृयाकलापहरु

### ३.१ PAMEB को फिल्ड-परीक्षण र पाइलटिङ गर्ने (२२६११)

Participatory Assessment, Monitoring, and Evaluation of Biodiversity (PAMEB) को फिल्ड-परीक्षण र पाइलटिङ गर्ने कार्यका लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत आयोजना कार्यान्वयन भई रहेका जिल्लाहरुमा जैविक विविधताको सहभागिता मुलक मापन, अनुगमन तथा मूल्याङ्कन गरी फिल्ड स्तरमा परीक्षण तथा पाइलटिङ गर्नु पर्नेछ। उक्त कार्यको लागि सरोकारवालाबीच विभिन्न चरणमा छलफल गरी फिल्डको स्थलगत अनुगमन, निरीक्षण, FGD, questionnaire लगायत अन्य उपयुक्त विधिहरुको प्रयोग गरी यथार्थ परक तथ्यांकको आधारमा PAMEB को प्रतिवेदन तयार गर्नु पर्नेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईका कर्मचारीहरुका साथै परामर्शदाता वा सेवा प्रदायक संस्थाहरुलाई परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु.१३,३०,०००/-(तेह्र लाख तिस हजार मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धी**

यस कार्यक्रमबाट आयोजना कार्यान्वयन भई रहेका जिल्लाहरुमा जैविक विविधता सम्बन्धी यथार्थ परक तथ्याङ्क र सोको अवस्थाको बारेमा जानकारी हुनेछ ।

### ३.२ आयोजना निर्देशन समिति सदस्यहरुको फिल्ड अनुगमन भ्रमण (२२६११)

आयोजना निर्देशन समिति सदस्यहरुको फिल्ड अनुगमन भ्रमणका लागि आयोजना कार्यान्वयनमा रहेका जिल्लाहरुमा संचालनमा रहेका कार्यक्रमहरुको बिभिन्न क्रियाकलापहरुको अनुगमन, मूल्याङ्कन र आवश्यक पृष्टपोषणका लागि सहभागी हुने आयोजना निर्देशन समिति सदस्यहरुको लागि नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउनु पर्ने छ । सो कार्यका लागि यस शीर्षकमा आवश्यक वजेट विनियोजन गरेको छ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईका कर्मचारीहरु परिचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.५,३२,०००।- (पाँच लाख बत्तीस हजार मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धी**

संचालनमा रहेका कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन भई आवश्यक पृष्ठपोषण समेत प्राप्त भएको हुनेछ।

## ३.३ आयोजना निर्देशन समिति बैठक (२११३४)

आयोजनाको उदेश्य अनुरुप कार्यक्रम कार्यान्वयन भए नभएको, आयोजनाको वार्षिक कार्यक्रम पारित र आवश्यक निर्देशन प्राप्त गर्ने उदेश्यले यो बैठक संचालन गरिनेछ। आयोजनाको स्वीकृत दस्तावेज अनुसार वर्षमा २ पटक यस समितिको बैठक संचालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत खर्च हुने शीर्षक जस्तै सहभागी भत्ता, खाजा/खाना खर्च, संचार, यातायात, सहजीकरण शुल्क आदि जस्ता शीर्षकमा रहेर खर्च गर्न सकिनेछ।

### जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु.२,९०,०००/- (दुई लाख नब्बे हजार मात्र) व्यवस्था गरिएको छ।

### अपेक्षित उपलब्धी

आयोजनाको कार्यक्रम कार्यान्वयनको अवस्थाको मूल्याङ्कन गरी योजनाको समीक्षा तथा पुनरावलोकन र बार्षिक योजना पारित तथा रणनीतिक निर्देशन उपलब्ध हुनेछ।

## ३.४ प्राविधिक समितिको बैठक (२११३४)

यस आयोजनाबाट संचालन गरिने कार्यक्रम कार्यान्वयनको लागि आवश्यक प्राबिधिक सहयोग र आयोजनाको वार्षिक कार्यक्रम तथा बजेटको समीक्षा गरी सुझाव सहित स्वीकृतिको लागि आयोजना निर्देशन समितिमा पेश गर्नका लागि समितिको बैठक संचालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत खर्च हुने शीर्षक जस्तै सहभागी भत्ता, खाजा/खाना खर्च, संचार, यातायात, सहजीकरण शुल्क आदि जस्ता शीर्षकमा रहेर खर्च गर्न सकिनेछ।

### जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईका कर्मचारीहरु परिचालन हुनेछन् ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु.२,९७,०००/-(दुई लाख सन्तान्नब्बे हजार मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धी

आयोजनाको वार्षिक कार्यक्रम तथा बजेटको समीक्षा गरी सुझाव सहित स्वीकृतिको लागि आयोजना निर्देशन समितिमा पेश हुनेछ।

## ३.५ राष्ट्रिय/क्षेत्रीय/ विश्वव्यापी कार्यक्रममा सहभागीता (२२६१२)

विशाल घिमिरे
प्रदेश सचिव

वन, भूमी र जैविक विविधता सम्बन्धी राष्ट्रिय/क्षेत्रीय/विश्वव्यापी तालिम, गोष्ठी, अध्ययन भ्रमण जस्ता कार्यक्रममा यस आयोजनासँग सरोकार राख्ने सरकारी कार्यालयका कर्मचारीहरुले भाग लिन सक्ने छन । यस कार्यक्रम अन्तर्गत सहभागी भत्ता, संचार, यातायात आदि जस्ता शीर्षकमा खर्च गर्न सकिनेछ।

### जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईका कर्मचारीहरु परिचालन हुनेछन् ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु.१५,९६,०००/-(पन्द्र लाख छयानब्वे हजार मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धी

यस कार्यक्रममा सहभागी भएका कर्मचारी/पदाधिकारीले वन, भूमी र जैविक विविधता सम्वन्धी ज्ञान, सिप र दक्षतामा अभिवृद्धि भएको हुनेछ ।

## ३.६ सञ्चार र श्रव्य उत्पादन र प्रसार (श्रव्य भिजुअल, लीफलेट, ब्रोसर) (३११५७)

वन, भूमी र जैविक विविधता सम्बन्धी जनचेतना अभिवृद्धि गर्नको लागि मन्त्रालय/आयोजना व्यवस्थापन इकाई/आयोजना सहायता इकाई (५ वटा डिभिजन वन कार्यालय) हरूले आयोजना कार्यान्वयन क्षेत्रका स्थानीय मानिसहरुले वुझ्ने भाषामा पोष्टर, पम्पलेट, ब्रोसर, पुस्तिका आदिको निर्माण गरी वितरण गरिनेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ ।

### जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईका कर्मचारीहरुका साथै परामर्शदाता वा सेवा प्रदायक संस्थाहरुलाई परिचालन गरिनेछ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि जम्मा बजेट रु.९,९७,०००/-(नौ लाख सन्तान्नब्वे हजार मात्र हजार) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धी

प्रचार प्रसारको माध्यमबाट स्थानीयस्तरमा वन, भूमी र जैविक विविधताको संरक्षणमा जनसाधारणमा सकारात्मक जनचेतनामा अभिवृद्धि भएको हुनेछ ।

### ३.७ विभिन्न कागजातहरूको अनुवाद (सचेतना सामग्री, मार्गदर्शन, प्रतिवेदन आदि) (२२५२२)

यस आयोजनाको अंग्रजी भाषामा रहेको सचेतना सामग्री, मार्गदर्शन, प्रतिवेदन जस्ता दस्तावेजहरूलाई नेपाली भाषामा अनुवाद गरिनेछ, जसबाट वास्तविक अर्थ बुझ्न सहज र सरल हुनेछ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईका कर्मचारीहरुका साथै परामर्शदाता वा सेवा प्रदायक संस्थाहरुलाई परिचालन गरिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि जम्मा बजेट रु.५,९८,०००/-(पाँच लाख अन्ठानब्बे हजार मात्र हजार) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

सम्पूर्ण आवश्यक दस्तावेजहरु दुवै (नेपाली र अंग्रेजी) भाषामा हुनेछ ।

### ३.८ नक्सा र सान्दर्भिक जानकारी सम्बन्धी प्रचारप्रसार (२२५२२)

यस आयोजनाको कार्यक्षेत्रहरुको वडा सहित खुलेको नक्सा र वन तथा जैविक विविधता संरक्षण सम्वन्धी प्रचारप्रसार सामग्री तयार गरी प्रदर्शन गरिनेछ । यस कार्यक्रममा विनियोजित वजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईका कर्मचारीहरुका परिचालन गरिनेछ ।परामर्शदाता वा सेवा प्रदायक संस्थाहरुवाट समेत जनशक्ति व्यवस्थापन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप संचालनको लागि जम्मा रु.६७,०००/- (सतसट्ठी हजार मात्र) वजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

यस आयोजनाको कार्यक्षेत्रहरुको वारेमा प्रचार प्रसार हुनेछ ।

### ३.९ स्थानीय तहहरुवीचमा आयोजना स्थल अवलोकन भ्रमण (२२६१२)

यस आयोजना कार्यक्षेत्रमा रहेका स्थानीय तहका वन,भूमी र जैविक विविधता सम्वन्धी भएका असल अभ्यासहरुको सिकाई र समन्वय सहयोग अभिवृद्धि गर्न यो अवलोकन भ्रमण कार्यक्रम राखिएका छन् । यसमा स्थानीय तहका कर्मचारी, डिभिजन वन कार्यालयका कर्मचारी, सामुदायिक वन उपभोक्ता समूह/कबुलियति वन उपभोक्ता समूहका पधादिकारी लगायत वनसँग सम्वन्धित संघ संस्थाका

पधादिकारीहरु भाग लिने छन् । यस कार्यक्रम अन्तर्गत खर्च हुने शीर्षक जस्तै भ्रमण भत्ता, खाजा खर्च, संचार, यातायात, सहजीकरण शुल्क, हल भाडा, प्रचारप्रसार सामग्री जस्तै झोला, टिसर्ट, टोपी आदि जस्ता शीर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईका कर्मचारीहरु परिचालन हुनेछन् ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि जम्मा बजेट रु.१३,३०,०००/-(तेह्र लाख तिस हजार मात्र हजार) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

यस आयोजना कार्यक्षेत्रमा रहेका स्थानीय तहका वन, भूमी र जैविक विविधता सम्बन्धी भएका असल अभ्यासहरुको सिकाई प्रदान भएको हुनेछ ।

## ३.१० वन/वातावरण/वन्यजन्तु/वनस्पति/जैविक विविधता आदि सम्बन्धी दिवस/ महोत्सव (दिवश, समारोह, सभा (वन/वातवरण/वन्यजन्तु/वनस्पति आदि) (२२५२२)

यस कार्यक्रम अन्तर्गत आ.व.२०८१/०८२ को विभिन्न मितिमा संचालन हुने दिवस समारोह जस्तै, विश्व वातावरण दिवस, भू-संरक्षण दिवस, राष्ट्रिय वृक्षारोपण दिवस, जैविक विविधता दिवस, सामुदायिक वन दिवस, सिमसार दिवस, चुरे दिवस, वन्यजन्तु सप्ताह, वन डढेलो सप्ताह, सरसफ़ाई सप्ताह जस्ता वन तथा वातावरणसँग सम्बन्धित कार्यक्रम संचालन गरिनेछ । यसको लागि मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहयोग इकाईले आफनो आवश्यकता अनुसारका कार्यक्रम तय गरी स्वीकृत नर्म्सको आधारमा लागत इस्टिमेट स्वीकृत गरी आवश्यक रकम खर्च गर्न सक्नेछन् । वनसँग सरोकार राख्ने संघ संस्था, समूहहरु मार्फत समेत यो कार्यक्रम संचालन गर्ने सहिनेछ ।

कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नु पर्नेछः

- समारोह अन्तर्गत गरिएका क्रियाकलापहरु
- क्रियाकलापहरु संचालन गरिएका स्थान
- फोटो, होर्डिङ्ग वोर्ड तथा ब्यानर

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईका कर्मचारीहरु परिचालन हुनेछन् । आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था वाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.७,००,०००/- (सात लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

वन, वातावरण, जैविक विविधता, तथा जीवजन्तुको संरक्षण तथा व्यवस्थापनको सम्वन्धमा सचेतना अभिवृद्धि हुने तथा वातावरण सम्बन्धी प्रचारप्रसारका कार्यक्रमहरु संचालन भएको हुनेछ।

## ३.११ जैविक विविधता र दिगो भूमी व्यवस्थापनका लागि प्रादेशिक र स्थानीय नीति र योजना ढाँचामा कार्यशाला/समीक्षा वैठक (२११३४)

यस आयोजना कार्यक्षेत्र अन्तर्गतको स्थानीय तह र प्रदेशको जैविक विविधता र दिगो भूमी व्यवस्थापनका लागि मौजुदा नीतिहरु तथा योजनाको बारेमा छलफल गरिनेछ। यसमा प्रदेशका सम्बन्धित मन्त्रालय, वन निर्देशनालय, स्थानीय तह, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय र अन्य सरोकारवालाहरुको सहभागिता रहने छ।यो कार्यक्रम संचालन गर्नका लागि बिनियोजित रकम तालिम सामग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, यातायात, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ ।आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था वाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि बजेट रु.७,९८,०००/-(सात लाख अन्ठानब्बे लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

जैविक विविधता र दिगो भूमी व्यवस्थापनका लागि मौजुदा नीतिहरु तथा योजनाको समीक्षा भएको हुनेछ।

## ३.१२ मन्त्रालयमा बहु-सरोकारवाला समन्वय/समीक्षा बैठक (प्रदेश स्तर) (२११३४)

वन, भूमी र जैविकविविधता सम्वन्धी प्रदेश स्तरीय बहु-सरोकारवालाहरुको बृहत समन्वय/समीक्षा बैठक संचलान गरिने छ । आयोजनाको स्वीकृत दस्तावेज अनुसार वर्षमा २ पटक बहु-सरोकारवाला समन्वय/समीक्षा बैठक संचालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत खर्च हुने शीर्षक जस्तै सहभागी भत्ता, खाजा/खाना खर्च, संचार, यातायात, सहजीकरण शुल्क आदि जस्ता शीर्षकमा रहेर खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि बजेट रु.५,३२,०००/- (पाँच लाख बत्तीस हजार मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धी

यस आ. व. मा संचालन भएका कार्यक्रम/क्रियाकलापहरुको समीक्षा भई भावी कार्यक्रमको कार्यान्वयनमा थप सहजता आउने छ।

**३.१३ ऐन, नियम, कार्यविधि, निर्देशिका तयारीमा प्रदेश मन्त्रालयलाइ सहयोग गर्ने (प्रादेशीक ऐन, नियम, नियमावली, निर्देशिका, मापदण्ड आदि निर्माण (मस्यौदा तयारी, छलफल/ अन्तरक्रिया/बैठक) (२११३४)**

ऐन, नियम, कार्यविधि, निर्देशिका तयारीमा प्रदेश मन्त्रालयलाई आवश्यक सहयोग गरिने छ। यस कार्यको रकम प्रादेशीक ऐन, नियम, नियमावली, निर्देशिका, मापदण्ड आदि निर्माण (मस्यौदा तयारी, छलफल/ अन्तरक्रिया/बैठक) मा खर्च गरिने छ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिने छ।

बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि बजेट रु.१५,००,०००/- (पन्द्र लाख मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धी

वन, भूमी र जैविकविविधता सम्वन्धी ऐन, नियम, कार्यवीधि, निर्देशिका तयार भएको हुनेछ।

**३.१४ ३४ वटा भूपरिधि नीति र भू-उपयोग योजनाहरू तयार गर्न प्रदेश मन्त्रालय र स्थानीय तहहरूलाई सहयोग गर्ने (२२५२२)**

भू-परिधि नीति र भू-उपयोग योजनाहरू तयारीका लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका संस्थाहरु मार्फत यो कार्यक्रम गर्नु पर्ने छ । जिल्ला स्तरीय भू-परिधि नीति र भू-उपयोग योजनाहरू तयार गर्नका लागि डिभिजन वन कार्यालय, स्थानीय तह, आयोजना कार्यान्वयन इकाई र आयोजना सहयोग इकाईका कर्मचारीहरूले आवश्यक सहयोग गर्नुपर्नेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ । यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन हुनेछ ।

बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि बजेट रु.६६,१०,०००/- (छैसठी लाख दस हजार मात्र) व्यवस्था गरिएको छ।

अपेक्षित उपलब्धी

प्रदेस तथा स्थानीय स्तरमा ३४ वटा भू-परिधि नीति र भू-उपयोग योजना तयार भएको हुनेछ।

### ३.१५ जैविक विविधता नक्सांकन / अनुगमनका लागि उपकरण (३११२२)

आयोजना व्यवस्थापन इकाईवाट जैविक विविधता नक्सांकनका लागि आवश्यक पर्ने उपकरणहरु जस्तै Vertex, Increment Borer, Diameter tape, Measuring tape, Range finder जस्ता अन्य आवश्यक आधुनिक उपकरणहरु २.१.२ मा उल्लेखित कानूनको अधिनमा रही खरिद गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट रु.५,३२,०००/- (पाँच लाख वत्तीस हजार मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धी**

वन संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन कार्यमा सहयोग पुग्ने छ।

### ३.१६ क्यामेरा, मल्टिमिडिया र अन्य उपकरणहरू खरिद (३११२२)

आयोजना व्यवस्थापन इकाईवाट क्यामेरा, मल्टिमिडिया र अन्य आवश्यक उपकरणहरु जस्तै GPS २.१.२ मा उल्लेखित कानूनको अधिनमा रही खरिद गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय र आयोजना व्यवस्थापन इकाईको कर्मचारीहरु परिचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट रु.३,००,०००/- (तिन लाख मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धी**

वन संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन कार्यमा सहयोग पुग्ने ।

### ३.१७ कम्प्यूटर, ल्यापटप र आयोजना कर्मचारीका लागि अन्य उपकरणहरु (३११२२)

आयोजना व्यवस्थापन इकाईवाट कम्प्यूटर, ल्यापटप र आयोजना कर्मचारीका लागि अन्य उपकरणहरु २.१.२ मा उल्लेखित कानूनको अधिनमा रही खरिद गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय र आयोजना व्यवस्थापन इकाईको कर्मचारीहरु परिचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट रु.१५,०१,०००/- (पन्द्र लाख एक हजार मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धी**

वन संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापन कार्यमा सहयोग पुग्ने ।

### ३.१८ सवारी साधन (४-WD कार-१*, मोटरसाइकल १, स्कुटर २) (३११२१)

आयोजना व्यवस्थापन इकाईबाट सवारी साधन (४-WD कार-१*, मोटरसाइकल १, स्कुटर २) गरी कुल जम्मा ४ थान सवारी साधन २.१.२ मा उल्लेखित कानूनको अधिनमा रही खरिद गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय र आयोजना व्यवस्थापन इकाईका कर्मचारीहरु परिचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.८७,१०,०००/- (सतासी लाख दस हजार मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धी**

आयोजनाको समग्र कार्यामा प्रगतिमा थप सहयोग पुग्ने ।

### ३.१९ PAMEB सम्बन्धित जानकारी सम्प्रेषण (३११५७)

Participatory Assessment, Monitoring, and Evaluation of Biodiversity (PAMEB) को फिल्ड-परीक्षण र पाइलटिङबाट निस्किएको नतिजालाई आयोजना कार्यान्वयन क्षेत्रहरुमा सरोकारवालाहरु बीच सम्प्रेषण गर्न प्रचारप्रसार सामग्री जस्तै पर्चा, पम्प्लेट, ब्रोसिएर जस्ताको सामग्री वितरण गर्नु उदेश्य रहेको छ । यस शीर्षकको रकम प्रचारप्रसार सामग्री जस्तै पर्चा, पम्प्लेट, ब्रोसिएर जस्ता सामाग्रीहरुको तयारी तथा छपाईमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थावाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.६,६५,०००/- (छ लाख पैंसट्ठी हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

यस कार्यबाट फिल्ड-परीक्षण र पाइलटिङबाट निस्किएका नतिजालाई आयोजना कार्यान्वयन क्षेत्रहरुमा सरोकारवालाहरु बीच सम्प्रेषण भएको हुनेछ।

## ३.२० लैङ्गिक र जैविक विविधता-संवेदनशील स्थानीय स्तरको भूमी प्रयोग योजना प्रक्रियालाई सहज बनाउन उपकरणहरू, स्रोतहरू र सञ्चार सामग्रीहरूको विकास/अनुकूलन गर्ने (३११२२)

लैङ्गिक र जैविक विविधता-संवेदनशील स्थानीयस्तरको भूमी प्रयोग योजना प्रक्रियालाई सहज बनाउन उपकरणहरू, स्रोतहरू र सञ्चार सामग्रीहरूको विकास/अनुकूलनका लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका संस्थाहरु मार्फत यो कार्यक्रम गर्नु पर्ने छ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ। यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.१३,३०,०००/- (तेह्र लाख तिस हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

लैङ्गिक र जैविक विविधता-संवेदनशील स्थानीय स्तरको भूमी प्रयोग योजनासंग सम्बन्धित उपकरणहरू, स्रोतहरू र सञ्चार सामग्रीहरूको विकास भएको हुनेछ ।

## ३.२१ लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) प्रशिक्षण पुस्तिका तयारी (३११५७)

लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) प्रशिक्षण पुस्तिका तयारीका लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका संस्थाहरु मार्फत पुस्तिका तयार गर्नु पर्ने छ । पुस्तिका तयारिको क्रममा सरोकारवाला बीच विभिन्न चरणमा छलफल गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको बिषयलाई केन्द्र बिन्दुमा राखी प्रशिक्षण पुस्तिका तयारी गर्नु पर्ने छ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ । यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ६,६५,०००/- (छ लाख पैंसठ्ठी हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

सामुदायद्वारा व्यवस्थापन गरिएको वन, भूमी र जैविक विविधताको संरक्षण, संवर्द्धन र उपयोग कार्यमा लैगिक समानता र सामाजिक समावेशीकरण भएको हुनेछ ।

## ३.२२ आयोजनाको आधार रेखा अद्यावधिक गर्ने (३११५७)

आयोजनाको आधार रेखा अद्यावधिक गर्नेका लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका संस्थाहरु मार्फत आयोजनाको आधार रेखा तयार गर्नु पर्ने छ । आधार रेखा तयारिको क्रममा सरोकारवाला बीच विभिन्न चरणमा छलफल गरी फिल्डको स्थलगत अनुगमन, निरीक्षण, FGD, questionnaire लगायत अन्य उपयुक्त विधिहरुको प्रयोग गरी यथार्थ परक तथ्यांकको आधारमा आयोजनाको आधार रेखा अद्यावधिक गर्नु पर्ने छ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ । यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन हुनेछ ।

बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु.९,६४,०००/- (नौ लाख चौसठी हजार मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धी

आयोजनाको आधार रेखाको अद्यावधिक भएको हुनेछ ।

## ३.२३ CFUG/LFUG स्तरको डाटा बेस विकास र GESI प्रोफाइल तथा प्रतिवेदन तयार गर्ने (३११५७)

CFUG/LFUG स्तरको डाटा बेस विकास र GESI प्रोफाइल तथा प्रतिवेदन तयार गर्नेका लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका संस्थाहरु मार्फत CFUG/LFUG स्तरको डाटा बेस विकास र GESI प्रोफाइल तथा प्रतिवेदन तयार गर्नु पर्नेछ ।उक्त कार्यको लागि सरोकारवाला बीच विभिन्न चरणमा छलफल गरी फिल्डको स्थलगत अनुगमन, निरीक्षण, FGD, questionnaire लगायत अन्य उपयुक्त विधिहरुको प्रयोग गरी यथार्थ परक तथ्यांकको आधारमा CFUG/LFUG स्तरको डाटा बेस विकास र GESI प्रोफाइल तथा प्रतिवेदन तयार गर्नु पर्ने छ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ। यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन हुनेछ ।

बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु.६,६५,०००/- (छ लाख पैंसट्ठी हजार मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धी

CFUG/LFUG स्तरको डाटा बेस विकास र GESI प्रोफाइल तथा प्रतिवेदन तयार भएको हुनेछ।

## ३.२४ भूमी क्षयीकरण तटस्थता र जैविक विविधता संरक्षणमा भूपरिधिय नीति र भूउपयोग योजना तयारीमा सहयोग (३११५७)

वन, वातावरण, भूमी, जैविक विविधता र जलाधार संरक्षणका लागि आवश्यक भूपरिधिय नीति तथा भूउपयोग योजना तयारीका लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका संस्थाहरु मार्फत भूमी क्षयीकरण तटस्थता र जैविक विविधता संरक्षणमा भूपरिधिय नीति र भूउपयोग योजना तयारीमा सहयोग गर्नु पर्ने छ। उक्त कार्यको लागि सरोकारवाला बीच विभिन्न चरणमा छलफल/बैठक गरी अन्तिम रुप दिनु पर्ने छ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ । यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.३,३३,०००/- (तिन लाख तेत्तिस हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

वन, वातावरण, भूमी, जैविक विविधता र जलाधार संरक्षणका लागि आवश्यक भूपरिधिय नीति तथा भूउपयोग योजना तयार भएको हुनेछ।

## ३.२५ भू-उपयोग नक्साङ्कन र योजनामा भूपरिधि, भूमी क्षयीकरण तटस्थता र जैवविविधता सम्बन्धी जानकारीलाई एकीकृत गर्न उपकरणहरू विकास गर्ने (३११२२)

भू-उपयोग नक्साङ्कन र योजनामा भूपरिधि, भूमी क्षयीकरण तटस्थता र जैवविविधता सम्बन्धी जानकारीलाई एकीकृत गर्न उपकरणहरू विकास गर्ने कार्यको लागि स्वीकृत ToR बमोजिम नियमानुसार नियमानुसार छनोट भएका सेवा प्रदायक संस्थाहरु मार्फत यो कार्यक्रम संचालन गर्नु पर्ने छ। उक्त कार्यको लागि सरोकारवाला बीच विभिन्न चरणमा छलफल/बैठक तथा फिल्डको स्थलगत अनुगमन, निरीक्षण, समूह छलफल, प्रश्नावली जस्ता विधिहरुको प्रयोग गरी उपकरणहरुको बिकास गर्नु पर्नेछ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ । यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.६,६५,०००/- (छ लाख पैसट्ठी हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

भू-उपयोग नक्साङ्कन र योजनामा भूपरिधि, भूमी क्षयीकरण तटस्थता र जैविकविविधता सम्बन्धी जानकारीलाई एकीकृत गर्न उपकरणहरू विकास भएको हुनेछ ।

## ३.२६ अनियोजित पूर्वाधार निर्माणबाट उत्पन्न हुने जैविक विविधताको खतराहरू पहिचान गरी भूपरिधिय र भू-उपयोग नक्साको उत्पादन र सूचना प्याकेजलाई नेपाली भाषामा अनुवाद गर्ने (३११५७)

Unplanned पूर्वाधार निर्माणबाट उत्पन्न हुने जैविक विविधताको खतराहरू पहिचान गरी भूपरिधिय र भू-उपयोग नक्साको उत्पादन र सूचना प्याकेजलाई नेपाली भाषामा अनुवाद गर्नका लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका सेवा प्रदायक संस्थाहरु मार्फत उक्त कार्यको बिकास गर्नु पर्ने छ। उक्त कार्यको लागि सरोकारवाला बीच विभिन्न चरणमा छलफल/बैठक तथा फिल्डको स्थलगत अनुगमन, निरीक्षण, समूह छलफल, प्रश्नावली जस्ता विधिहरुको प्रयोग गरी सम्भावित खतरा पहिचान र भुपरिधिया र भू-उपयोग नक्साको उत्पादन गरी सूचना प्याकेजलाई नेपाली भाषामा अनुवाद गर्नु पर्नेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ । यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.१९,९५,०००/- (उन्नाइस लाख पन्चानब्बे हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

अनियोजित पूर्वाधार निर्माणबाट उत्पन्न हुने जैविक विविधताको खतराहरू पहिचान गरी भूपरिधिय र भू-उपयोग नक्साको उत्पादन र सूचना प्याकेजलाई नेपाली भाषामा अनुवाद भएको हुनेछ ।

## ३.२७ कोशी प्रदेशको जैविक विविधता प्रोफाइल तयारी र प्रकाशन (३११५७)

कोशी प्रदेशको जैविक विविधता प्रोफाइल तयारी र प्रकाशन गर्ने कार्यका लागि स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका संस्थाहरु मार्फत यस प्रदेशको जैविक विविधता प्रोफाइल तयार गरी प्रकाशन गरिने छ। उक्त कार्यको लागि सरोकारवाला बीच विभिन्न चरणमा छलफल गरी फिल्डको स्थलगत अनुगमन, निरीक्षण, FGD, questionnaire लगायत अन्य उपयुक्त विधिहरुको प्रयोग गरी यथार्थ परक तथ्यांकको आधारमा जैविक विविधता प्रोफाइल तयार गरिने छ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ । यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन हुनेछ ।

बजेट व्यवस्थापन

यस क्रियाकलाप अन्तर्गत बजेट रु.१९,९५,०००/- (उन्नाइस लाख पन्चानब्बे हजार मात्र) व्यवस्था गरिएको छ।

अपेक्षित उपलब्धी

कोशी प्रदेशको जैविक विविधता प्रोफाइल तयारी र प्रकाशन भएको हुनेछ।

## ३.२८ ऐन, नियम, कार्यविधि, निर्देशिका छपाई/ प्रकाशन (२२५२१)

पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट तयार भई स्वीकृत ऐन, नियम, कार्यविधि, निर्देशिकाको छपाई/प्रकाशन गर्ने कार्यमा यस शीर्षकमा विनियोजित रकम नियमानुसार खर्च गरिने छ ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनकोलागि पर्यटन, वन तथा वातावरण मन्त्रालय र आयोजना व्यवस्थापन इकाईको कर्मचारीहरु परिचालन हुनेछ ।

बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु.१०,००,०००/- (दस लाख मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धी

पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट तयार भई स्वीकृत ऐन, नियम, कार्यविधि, निर्देशिकाको छपाई/प्रकाशन भएको हुनेछ।

## ३.२९ दिगो भूमी व्यवस्थापन, भूमी क्षयीकरण तटस्थता र जैविक विविधता व्यवस्थापनमा कोशी प्रदेश र ३४ वटा स्थानीय तहको संस्थागत क्षमता मूल्याङ्कन (३११५७)

दिगो भूमी व्यवस्थापन, भूमी क्षयीकरण तटस्थता र जैविक विविधता व्यवस्थापनमा कोशी प्रदेश र ३४ वटा स्थानीय तहको संस्थागत क्षमता मूल्याङ्कन गर्न स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका संस्थाहरु मार्फत यस कार्य गरिने छ। उक्त कार्यको लागि सरोकारवाला बीच विभिन्न चरणमा छलफल गरी फिल्डको स्थलगत अनुगमन, निरीक्षण, FGD, questionnaire लगायत अन्य उपयुक्त विधिहरुको प्रयोग गरी यथार्थ परक तथ्यांकको आधारमा संस्थागत क्षमताको मूल्याङ्कन गरिने छ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई र आयोजना सहायता इकाईको कर्मचारीहरु परिचालन हुनेछ । यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.१८,६२,०००/- (अठार लाख बयसट्टी हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

दिगो भूमी व्यवस्थापन, भूमी क्षयीकरण तटस्थता र जैविक विविधता व्यवस्थापनमा कोशी प्रदेश र ३४ वटा स्थानीय तहको संस्थागत क्षमताको मूल्याङ्कन भएको हुनेछ ।

### ३.३० वन व्यवस्थापन र जैविक विविधता संरक्षणको मोडल बारे अध्ययन (रतुवामाई वृक्षारोपण आयोजना) (३११३५)

रतुवामाई वृक्षारोपण आयोजना तत्कालीन श्री ५ को सरकारबाट २०३० को दशक देखि वृक्षारोपण, वन पैदावार उत्पादन, वनको नियमित कटान र व्यवस्थापन हुने गरी सुरु गरिएको थियो । हालको अवस्थामा उक्त वृक्षारोपण आयोजनाको व्यवस्थापन गर्न प्रदेश सरकारको चाहना अनुसार व्यवस्थापन कसरी गर्ने ? यसको मोडल के हुने ? संस्थागत संरचना कस्तो रहने आदि जस्ता विषयमाका प्रश्नहरू निराकरण गर्नुपर्ने छ । तसर्थ रतुवामाई वृक्षारोपण आयोजनाले ओगटेको वन क्षेत्रको उचित व्यवस्थापन मोडेल र संस्थागत संरचनाका बारेमा आवश्यक अध्ययन गरी प्रदेश सरकारलाई सुझाव दिनका लागि यो अध्ययनले सहयोग गर्नेछ ।

रतुवामाई वृक्षारोपण आयोजनाको वन व्यवस्थापन र जैविक विविधता संरक्षणको मोडल बारे अध्ययन गर्न स्वीकृत ToR बमोजिम नियमानुसार छनोट भएका संस्थाहरु मार्फत यस कार्य गरिने छ। उक्त कार्यको लागि सरोकारवाला बीच विभिन्न चरणमा छलफल गरी फिल्डको स्थलगत अनुगमन, निरीक्षण, FGD, questionnaire लगायत अन्य उपयुक्त विधिहरुको प्रयोग गरी यथार्थ परक तथ्यांकको आधारमा रतुवामाई वृक्षारोपण आयोजनाको वन व्यवस्थापन र जैविक विविधता संरक्षणको मोडल गरिने छ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाहरु मार्फत संचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.२०,००,०००/- (बिस लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

रतुवामाई वृक्षारोपण आयोजनाको वन व्यवस्थापन र जैविक विविधता संरक्षणको मोडल तयार भएको हुनेछ।

### ३.३१ राष्ट्रिय परामर्शदाता भर्ना (२२४१९)

आयोजनाको स्थलगत कृयाकलाप कार्यान्वयनमा सहयोग गर्न आयोजना व्यवस्थापन इकाई र पाँच वटै आयोजना सहयोग इकाईहरुमा रहने गरी परामर्शदाता नियुक्ति गरिने छ ।

यसका लागि आयोजनाको Funding Proposal बमोजिम बजेट नोटलाई समेत मध्यनजर गरी तपसिल बमोजिमको परामर्शदाताको काम, कर्तव्य, अधिकार साथै उक्त पदको लागि चाहिने न्युनतम योग्यता, आदि बिषयहरु समेटी कार्यक्षेत्रगत शर्तहरू (ToR) तयार गरी, पाउने सेवा सुविधा सम्बन्धमा प्रचलित दररेट तथा नर्मसलाई आधार मानि लगत इष्टिमेट (ल.ई.) तयार गरी नेपाल/प्रदेश सरकारको प्रचलित नीति नियम अनुसार तोकिएको अवधिका लागि नियुक्ति/परामर्श सेवा खरिद गरी कामकाजमा लगाउन यो शीर्षकमा विनियोजित रकम नियमानुसार खर्च गर्न सकिनेछ ।

तपसिल

- जैविक विविधता विज्ञ/प्राविधिक टोली नेता १ जना
- भूउपयोग योजना सहयोग अधिकृत ५ जना
- वन तथा जैविक विविधता सहयोग अधिकृत ५ जना
- उद्यम र जीविकोपार्जन सहयोग अधिकृत ५ जना
- भू-उपयोग योजना विज्ञ (RS & GIS) १ जना
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण तथा सुरक्षा विज्ञ १ जना
- जैविक विविधताको सहभागितामूलक अनुगमन र मूल्याङ्कन (PAMEB) विज्ञ १ जना
- सामुदायिक वन व्यवस्थापन र कृषि वन विज्ञ १ जना
- वन तथा कृषि पैदावार मूल्य शृंखला विज्ञ १ जना
- ज्ञान व्यवस्थापन तथा संचार विज्ञ १ जना र अनुगमन
- मूल्याङ्कन र सञ्चालन विज्ञ १ जना

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनकोलागि पर्यटन, वन तथा वातावरण मन्त्रालय र आयोजना व्यवस्थापन इकाईको कर्मचारीहरु परिचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.१,८१,३५,०००/- (एक करोड एकासी लाख पैतिस हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

परामर्श सेवा खरिद गरी आयोजनाको कार्यक्रमहरु कार्यन्वयनमा सहयोग हुनेछ ।

### ३.३२ वित्त सहायक (२२४१९)

आयोजनाको कार्यक्रम कार्यान्वयनमा सहयोग गर्न आयोजना व्यवस्थापन इकाईमा रहने गरी १ जना वित्त सहायक नियुक्ति गरिने छ । यसका लागि वित्त सहायकको काम, कर्तव्य, अधिकार साथै उक्त पदको लागि चाहिने न्युनतम योग्यता आदि बिषयहरु समेटी कार्यक्षेत्रगत शर्तहरू (ToR) तयार गरी नेपाल/प्रदेश सरकारको प्रचलित नीति नियम अनुसार तोकिएको अवधिका लागि नियमानुसार नियुक्ति गरी कामकाजमा लगाई तोकिएको सेवा सुविधामा यो शीर्षकमा विनियोजित रकम नियमानुसार खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय र आयोजना व्यवस्थापन इकाईको कर्मचारीहरु परिचालन हुनेछ ।

बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु.२,९६,०००/- (दुइ लाख छयानब्बे हजार मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धी

यसबाट १ जना वित्त सहायक भर्ना भई आयोजना व्यवस्थापन इकाईको व्यवस्थापनमा सहयोग पुग्ने छ ।

### ३.३३ वन अधिकृत (२२४१९)

आयोजनाको कार्यक्रम कार्यान्वयनमा सहयोग गर्न आयोजना व्यवस्थापन इकाईमा रहने गरी वन अधिकृत नियुक्ति गरिने छ । यसका लागि वन अधिकृतको काम, कर्तव्य, अधिकार साथै उक्त पदको लागि चाहिने न्युनतम योग्यता आदि विषयहरु समेटी कार्यक्षेत्रगत शर्तहरू (ToR) तयार गरी नेपाल/प्रदेश सरकारको प्रचलित नीति नियम अनुसार तोकिएको अवधिका लागि नियमानुसार नियुक्ति गरी कामकाजमा लगाई तोकिएको सेवा सुबिधामा यो शीर्षकमा विनियोजित रकम नियमानुसार खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि पर्यटन, वन तथा वातावरण मन्त्रालय र आयोजना व्यवस्थापन इकाईको कर्मचारीहरु परिचालन हुनेछ ।

बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु.८,२५,०००/- (आठ लाख पच्चीस हजार मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धी

यसबाट २ जना वन अधिकृत भर्ना भई आयोजना व्यवस्थापन इकाईको व्यवस्थापनमा सहयोग पुग्नेछ ।

# डिभिजन वन कार्यालयबाट गर्ने कृयाकलापहरु

## ३.३४ KMIS र FMIS मा सरकारी अधिकारीहरू, FECOFUN, BCN, स्थानीय स्तरहरू र CFUG लाई तालिम दिने (२२५१२)

वन,भूमी तथा जैविक विविधता सम्बन्धी KMIS र FMIS जस्ता विपयहरुमा सरोकारवालाहरु जस्तै सरकारी कर्मचारीहरू, FECOFUN, BCN, स्थानीय तहका कर्मचारीहरू, CFUG र LFUG लगायतका वनसँग सरोकार राख्ने संस्थाहरूलाई डिभिजन वन कार्यालयबाट तालिम संचालन गर्न यो कार्यक्रमको उदेश्य रहेको छ । यस शीर्षकमा विनियोजित बजेट स्वीकृत लागत इष्टिमेट अनुसार इन्धन, संचार, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालिम सामग्री,दैनिक तथा तालिम भत्ता, खाजा/खाना आदिमा समेत नियमानुसार खर्च गर्न सकिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालय र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था वाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ३७,२४,०००/- (सैतिस लाख चौबीस हजार मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धी**

यस कार्यक्रम जिल्ला स्तरमा १४ पटक KMIS र FMIS सम्वन्धी तालिम संचालन भएको हुनेछ ।

## ३.३५ योजनाको तर्जुमा सम्वन्धी साझेदार संस्थाहरू र सरकारी निकायहरूका लागि प्रशिक्षण कार्यक्रम (२११३४)

बार्षिक योजना तर्जुमाको लागि यस आयोजनासंग सम्वन्धी साझेदार संस्थाहरु र सरकारी निकायका कर्मचारीहरुका लागि योजना तर्जुमा सम्वन्धी प्रशिक्षण कार्यक्रम संचलान गर्न यो कार्यक्रमको उदेश्य रहेको छ । यो कार्यक्रम संचालन गर्नका लागि बिनियोजित रकम तालिम सामग्री खरिद, तालिम सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, यातायात, संचार, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागी डिभिजन वन कार्यालय र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था बाट पनि संचालन गर्न सकिने छ।

बजेट व्यवस्थापन

यो कार्यक्रमको लागी बजेट रु. १३,३०,०००/- (तेह लाख तिस हजार मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धी

५ वटा प्रशिक्षण कार्यक्रम संचालन भइ कार्यक्रममा सहभागी भएका सरोकारवाला व्यक्तिहरुको क्षमतामा अभिवृद्धि भएको हुनेछ ।

**३.३६ दिगो भूमी व्यवस्थापन, भूमी क्षयीकरण तटस्थता र जैविक विविधता (SLM, LDN र BD) मा स्थानीय स्तरको योजना/समीक्षा कार्यशाला (२११३४)**

यस आयोजनाको कार्यक्षेत्र अन्तरगतको स्थानीय तहको दिगो भूमी व्यवस्थापन, भूमी क्षयीकरण तटस्थता र जैविक विविधता (SLM, LDN र BD)का लागि मौजुदा योजनाको वारेमा छलफल गरी उपलब्ध श्रोत साधनको अधिकतम उपयोग गरी स्थानीय तहको योजना/समीक्षा गरी प्राप्त उपयुक्त सुझावहरुलाइ स्थानीय तहको योजनामा एकीकृत गरी कार्यान्वयन गरिनेछ । यसमा स्थानीय तह, डिभिजन वन / सव डिभिजन वन कार्यालय, वनस्पति कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय र अन्य सम्वन्धित सरोकारवालाहरुको सहभागिता रहने छ । यो कार्यक्रम संचालन गर्नका लागि विनियोजित रकम तालिम सामग्री खरिद, सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, संचार, इन्धन, यातायात, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागी डिभिजन वन कार्यालय र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था बाट पनि संचालन गर्न सकिने छ।

बजेट व्यवस्थापन

यस कार्यक्रमको लागी बजेट रु.१८,०९,०००/- (अठार लाख नौ हजार मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धी

३४ वटा स्थानीय तहको योजना/समीक्षा गरी प्राप्त उपयुक्त सुझावहरूलाइ स्थानीय तहको योजनामा समावेश भएको हुनेछ ।

**३.३७ स्थानीय स्तर, DFO कर्मचारी, स्थानीय संरक्षण समूह र वन समुहका लाई SLM, LDN र BD संरक्षण र अनुगमन संबन्धित क्षमता अभिवृद्धि तालिम (२२५१२)**

यस आयोजनाको कार्यक्षेत्र अन्तरगतको स्थानीय तह, DFO कर्मचारी, स्थानीय संरक्षण समूह र वन समूहका (सामुदायिक वन, कबुलियती वन, धार्मिक वन) सदस्यहरूलाई SLM, LDN र BD संरक्षण र

अनुगमन सम्बन्धी क्षमता अभिबृद्धि तालिम संचालन गरिने छ। यो कार्यक्रम संचालन गर्नका लागि बिनियोजित रकम तालिम सामग्री खरिद, सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, संचार, इन्धन, यातायात, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालय र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था वाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. ७,९७,०००/- (सात लाख सन्तानब्बे हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

SLM, LDN र BD संरक्षण र अनुगमन सम्बन्धी १५ वटा तालिम संचालन भइ क्षमता अभिबृद्धि भएको हुनेछ ।

## ३.३८ सामुदायिक वन उपभोक्ता समूह र स्थानीय तहहरूलाई जैविक विविधताको सहभागितामूलक अनुगमन र मूल्याङ्कन (PAMEB) मा तालिम (२२५१२)

यस आयोजनाको कार्यक्षेत्र अन्तरगतको स्थानीय तह र सामुदायिक/ कबुलियती वन उपभोक्ता समूहहरूलाई जैविक विविधताको सहभागितामूलक अनुगमन र मूल्याङ्कन (PAMEB) सम्बन्धी तालिम संचालन गरिने छन । यो कार्यक्रम संचालन गर्नका लागि बिनियोजित रकम तालिम सामग्री खरिद, सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, यातायात, संचार, इन्धन, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालय र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था वाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. १३,३०,०००/- (तेह्र लाख तिस हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

५ पटक जैविक विविधताको सहभागितामूलक अनुगमन र मूल्याङ्कन (PAMEB) सम्बन्धीको तालिम संचालन भइ क्षमतामा अभिबृद्धि भएको हुनेछ ।

३.३९ दिगो भूमी व्यवस्थापन, भूमी क्षयीकरण तटस्थता र जैविक विविधता (SLM, LDN र BD) मा सरोकारवाला परामर्श बैठकहरू (२११३४)

यस आयोजनाको कार्यक्षेत्र अन्तरगतको सम्बन्धित सरोकारवाला (डिभिजन/सव डिभिजन वन कार्यालय, स्थानीय तह, सामुदायिक वन/कबुलियती वन, FECOFUN लगायत) हरुमा दिगो भूमी व्यवस्थापन, भूमी क्षयीकरण तटस्थता र जैविक विविधता (SLM, LDN र BD) सम्वन्धी परामर्श बैठक संचालन गरिने छन । यो कार्यक्रम संचालन गर्नका लागि यस शीर्षकमा बिनियोजित बजेट बैठक भत्ता, खाजा/खाना खर्च, यातायात, संचार खर्च, इन्धन, हल भाडा लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालय र आयोजना सहयोग इकाईको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था वाट पनि संचालन गर्न सकिने छ।

बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि बजेट रु. १०,००,०००/- (दस लाख मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धी

२५ पटक दिगो भूमी व्यवस्थापन, भूमी क्षयीकरण तटस्थता र जैविक विविधता (SLM, LDN र BD) सम्बन्धी सरोकारवालाहरु बीच बैठक संचालन भएको हुनेछ ।

३.४० लाभ बाँडफाँडमा महिला, सीमान्तकृत र जोखिममा परेका समूहहरूको शैक्षिक तथा सचेतना र अभिवृद्धि गराउने तालिम (सरकार र परियोजनाको पहलमा) (२२५१२)

यस आयोजनाको कार्यक्षेत्र अन्तरगत रहेको प्राकृतिक स्रोतहरूको व्यवस्थापनमा सकृय सहभागिता र तिनका लाभ बाँडफाँडमा महिला, आदिवासी/जनजाती, गरिब, दलित, बिपन्न, पिछडिएका वर्ग, सीमान्तकृत र जोखिममा परेका समूहहरूको सुनिश्चितता गर्न शैक्षिक तथा सचेतना र अभिवृद्धि गराउने सम्वन्धी तालिम संचालन गरिने छन । यो कार्यक्रम संचालन गर्नका लागि बिनियोजित रकम तालिम सामग्री खरिद, सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, यातायात, संचार, इन्धन, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकतानुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था वाट पनि संचालन गर्न सकिने छ।

बजेट व्यवस्थापन

यो कार्य सम्पन्न गर्न रु. १३,३०,०००/- (तेह्र लाख तिस हजार मात्र) व्यवस्था गरिएको छ।

अपेक्षित उपलब्धी

यो कार्यक्रम ५ पटक संचालन भइ सहभागीहरुको क्षमतामा अभिवृद्धि भएको हुनेछ।

### ३.४१ स्थानीय तहको भूउपयोग योजनामा जैविक विविधता र भूमी क्षयीकरण तटस्थता लाई एकीकृत गर्न स्थानीय तहलाई सहयोग गर्ने (२२५१२)

स्थानीय तहको भूउपयोग योजनामा जैविक विविधता र भूमी क्षयीकरण तटस्थता लाई एकीकृत गर्न ३४ वटा स्थानीय तहलाई डिभिजन वन कार्यालयबाट आवश्यक सहयोग गरिने छ। उक्त कार्यको लागि सरोकारवाला बीच विभिन्न चरणमा छलफल/बैठक तथा फिल्डको स्थलगत अनुगमन, निरीक्षण जस्ता विधिहरुको प्रयोग गरी विविधता र भूमी क्षयीकरण तटस्थता लाई स्थानीय तहको भूउपयोग योजनामा एकीकृत गरिने छ। यस कार्यक्रममा विनियोजित बजेट बैठक/छलफल, फिल्ड अनुगमनका लागि खाजा, बैठक भत्ता, इन्धन, यातायात, संचार आदीमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकतानुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था बाट पनि संचालन गर्न सकिने छ।

बजेट व्यवस्थापन

यो कार्य सम्पन्न गर्न रु. ११,३१,०००/- (एघार लाख एकतिस हजार मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धी

३४ वटा स्थानीय तहको भूउपयोग योजनामा जैविक विविधता र भूमी क्षयीकरण तटस्थता लाई एकीकृत भएको हुनेछ।

### ३.४२ सामुदायिक वन्यजन्तु शिकार र अग्नि नियन्त्रण संजालको क्षमता विकास (२२५१२)

सुख्खा याम अर्थात फाल्गुण-चैत्र देखिनै वनजंगल क्षेत्रमा विभिन्न कारणबाट आगलागि एवं डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ। कतिपय अवस्थामा मानिसको नियन्त्रण भन्दा वाहिर पनि वन डढेलो प्रकोप देखापर्ने गरेको छ। वन क्षेत्रहरूमा अवैध तरीका वन्यजन्तुको शिकार दिनानुदिन बढदो क्रममा रहेको छ। वन डढेलोको नियन्त्रण र वन्यजन्तु शिकार नियन्त्रण गर्न आवधिक योजना सहितको रणनीतिक योजनामा उल्लेखित Action plan हरु एउटा मुख्य आधार हुनेछ ।

आवश्यकतानुसार नजीकका समूहलाई संस्थागत रुपमा जोडी अग्नि नियन्त्रण सञ्जाल र सामुदायिक वन्यजन्तु शिकार नियन्त्रण संजालको गठन गर्नु पर्दछ। यस शीर्षकमा व्यवस्था भएको रकम संजालका सदस्यहरूको क्षमता विकास तालिम, अग्निरेखा निर्माण तथा मर्मत सुधार, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, अग्नि नियन्त्रण सञ्जाल बैठक र परिचालन, वनक्षेत्रमा भएको प्रज्वलनशील सुख्खा पदार्थ व्यवस्थापन, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (इन्धन, खाजा, खाना, पानी, संचार आदि खर्च), डढेलो सूचना खरिद, प्राथमिक उपचार, नियन्त्रित डढेलो लगाउने, घाटगद्दी सरसफाई र व्यवस्थापन, दमकल परिचालन आदि कार्यक्रमहरुमा पनि खर्च गर्न सकिनेछ।

त्यस्तै वन्यजन्तुको अवैध शिकार नियन्त्रण संजाल सदस्यहरूको क्षमता विकास तालिम, संजालको बैठक, वन्यजन्तुको खोर निर्माण, प्राथमिक उपचार,गस्ति तथा सुराकी परिचालन, वन्यजन्तुको उद्धार लगायतका कामहरुमा खटिएका कर्मचारी, सुरक्षा निकाय तथा सरोकारवाला व्यक्तिहरूको लागि खाजा, पानी, इन्धन र संचार जस्ता कार्यहरूमा यस शीर्षकमा विनियोजित बजेट खर्च गरिनेछ । साथै कार्यक्रम सम्पन्न भएपश्चात प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

आयोजना कार्यान्वयन हुने क्षेत्रमा गठित सामुदायिक वन्यजन्तु शिकार नियन्त्रण संजाल र अग्नि नियन्त्रण संजालमा आबद्ध सदस्यहरुको प्रविधि मैत्री क्षमता विकास साथै उक्त संजाल गठन नभएको अवस्थामा वन, भूमी र जैविक विविधता सम्बन्धी विभिन्न सरोकारवालाको सक्रिय सहभागितामा आयोजना सहयोग इकाईले संजाल गठन गरी  प्रविधि मैत्री क्षमता विकास गरिने छ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालय र आयोजना सहयोग इकाईको कर्मचारीहरु  परिचालन हुनेछ । आवश्यकता अनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थावाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि जम्मा बजेट रु.३७,२५,०००/-(सैतिस लाख पच्चिस हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

स्थानीय स्तरमा सामुदायिक वन्यजन्तु शिकार नियन्त्रण संजाल र अग्नि नियन्त्रण संजाल गठन भई क्षमता विकास भएको हुनेछ ।

## ३.४३ भूपरिधि पुर्नस्थापनाको लागि सामग्री तथा साना उपकरण सहयोग (वन्यजन्तु शिकार र अग्नि नियन्त्रण) (३११२२)

वन जंगलमा गैर कानूनी तरिकाले गरिने वन्यजन्तुको शिकार र अनियन्त्रित वन डढेलोबाट वन जंगलको अवस्थामा ह्रास भैइरहेको छ । वनजंगलको अवस्थामा सुधार ल्याउनका लागि पुनर्स्थापना कार्यक्रम जस्तै वन्यजन्तको बासस्थान सुधार, वृक्षारोपण कार्यक्रम, लगायत अन्य आवश्यक कृयाकलापहरू गर्न सकिनेछ । वन्यजन्तु शिकार नियन्त्रणका लागि सामुदायस्तरमा गठित संजाललाई बजारमा उपलब्ध रहेको आधुनिक सामग्री तथा साना उपकरणहरू उपलब्ध गराईनेछ । त्यस्तै अग्नि नियन्त्रणको हकमा अग्नि नियन्त्रणको लागि आवश्यक बजारमा उपलब्ध रहेको आधुनिक सामग्री तथा साना उपकरणहरू (Fire fighting Tools) खरिद गरी अग्नि नियन्त्रण संजाललाई उपलब्ध गराईनेछ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १९,९५,०००/- (उन्नाइस लाख पन्चानब्बे हजार मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धी**

वन्यजन्तु शिकार नियन्त्रण संजाल र अग्नि नियन्त्रण संजाललाइ डिभिजन वन कार्यालयबाट भूपरिधि पुर्नस्थापनाको लागि सामग्री तथा साना उपकरण सहयोग प्राप्त भएको हुनेछ ।

## ३.४४ उद्यमी र स्थानीय स्रोत व्यक्तिहरूको लागि प्रशिक्षक प्रशिक्षण तालिम (ToT)

यस आयोजनाको कार्यक्षेत्र अन्तरगतको उद्यमी र स्थानीय स्रोत व्यक्तिहरूको लागि प्रशिक्षक प्रशिक्षण तालिम (ToT) डिभिजन वन कार्यालयबाट संचालन गरिने छ । यो कार्यक्रम संचालन गर्नका लागि यस शीर्षकमा बिनियोजित रकम तालिम सामग्री खरिद, सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, यातायात, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ। यस कार्यक्रममा महिला, आदिवासी/जनजाती, गरिब, दलित, बिपन्न , पिछडिएका वर्ग, सीमान्तकृत सामुदायका मानिसहरुलाई प्राथमिकता दिइने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता आनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था वाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि जम्मा बजेट रु. ५,३२,०००/-(पाँच लाख बत्तीस हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

यस कार्यक्रमबाट उद्यमी र स्थानीय स्रोत व्यक्तिहरूमा प्रशिक्षक प्रशिक्षण तालिम (ToT) सम्बन्धी ज्ञान, सिप, क्षमतामा अभिबृद्धि भएको हुनेछ ।

## ३.४५ बजार/बजारीकरण र उत्पादन प्रविधिहरूमा महिला र सीमान्तकृत समूहहरूलाई तालिम दिने (२२५१२)

यस आयोजनाको कार्यक्षेत्र अन्तरगत वनजन्य पैदावारको बजार/बजारीकरण र उत्पादन प्रविधिहरूमा महिला र सीमान्तकृत समूहहरूलाई ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि तालिम संचालन गरिने छ । यो कार्यक्रम संचालन गर्नका लागि यस शीर्षकमा बिनियोजित रकम तालिम सामग्री खरिद, सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, यातायात, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ। यस कार्यक्रममा महिला, आदिवासी/जनजाती, गरिब, दलित, बिपन्न, पिछडिएका वर्ग, सीमान्तकृत सामुदायका मानिसहरुलाई प्राथमिकता दिइने छ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनकोलागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ। आवश्यकता आनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था वाट पनि संचालन गर्न सकिने छ।

बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि जम्मा बजेट रु. ५,३२,०००/-(पाँच लाख बत्तीस हजार मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धी

यस कार्यक्रमबाट बजार/बजारीकरण र उत्पादन प्रविधिहरूमा महिला र सीमान्तकृत समूहहरूलाइ ज्ञान, सिप, क्षमतामा अभिबृद्धि भएको हुनेछ ।

## ३.४६ सामुदायिक वन उपभोक्ता समूह र व्यक्तिगत उत्पादकहरूलाई व्यवसाय विकास प्रशिक्षण(२२५१२)

यस आयोजनाको कार्यक्षेत्र अन्तरगतको सामुदायिक वन उपभोक्ता समूह र व्यक्तिगत उत्पादकहरूलाई व्यवसाय विकास प्रशिक्षण सम्बन्धीका कार्यक्रमहरू संचालन गरिने छ । यो कार्यक्रम संचालन गर्नका लागि यस शीर्षकमा बिनियोजित रकम विकास प्रशिक्षण सम्वन्धीका कार्यक्रमहरू संचालनार्थ खर्च गर्न सकिनेछ। यस कार्यक्रममा महिला, आदिवासी/जनजाती, गरिब, दलित, बिपन्न, पिछडिएका वर्ग, सीमान्तकृत सामुदायका मानिसहरुलाई प्राथमिकता दिइने छ ।

जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनकोलागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता आनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था वाट पनि संचालन गर्न सकिने छ।

बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि जम्मा बजेट रु. ५,३२, ०००।-(पाँच लाख बत्तीस हजार मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धी

यस कार्यक्रमबाट सामुदायिक वन उपभोक्ता समूह र व्यक्तिगत उत्पादकहरूलाई व्यवसाय विकास प्रशिक्षणमा ज्ञान, सिप, क्षमतामा अभिबृद्धि भएको हुनेछ ।

## ३.४७ वन उत्पादन/गैरकाष्ठ वन पैदावार (१ उद्यम विकास, १ संजाल गठन सहयोग) मा आधारित सामुदायिक उद्यमहरू प्रवर्द्धन गर्ने (२२५२२)

यस आयोजनाको कार्यक्षेत्र अन्तरगतको वन उत्पादन/गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यमहरू प्रवर्द्धन गर्न उद्यम विकास र संजाल गठन सहयोग कार्यक्रम संचालन गरिने छ । हरेक जिल्लामा १ वटा उद्यम विकास गर्न १ वटा संजाल गठन गरिनु पर्नेछ। यसमा काष्ठ, जडिबुट्टी तथा गैरकाष्ठ वन पैदावरहरुको प्रशोधनका लागि आवश्यक सामाग्री,प्याकिङ मेसिन लगायत सामाग्री खरिद तथा उपयोगका लागि यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्न सकिनेछ। सामाग्रि खरिद गरी

वितरण गर्दा उक्त सामाग्रीको रेखदेख, मर्मतसम्भार तथा सामूहगत उपयोगको प्रकृया संयन्त्र सुधाई सम्बन्धित पक्षलाई जिम्मेवार बनाउनु पर्नेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ। यस कार्यक्रममा महिला, आदिवासी/जनजाती, गरिब, दलित, विपन्न, पिछडिएका वर्ग, सीमान्तकृत सामुदायका मानिसहरुलाई प्राथमिकता दिइने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकतानुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि जम्मा बजेट रु. ८०,७०,०००/- (असी लाख सत्तरी हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

वन उत्पादन/ गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उधमहरू प्रवर्द्धन गर्न ५ वटा संजाल गठन भई ५ वटा उधम विकास भएको हुनेछ ।

### ३.४८ रूख/ जडीबुटी तथा गैरकाष्ठ वन पैदावार नर्सरीहरूको लागि सामग्री सहयोग (३११५७)

डिभिजन वन र मातहतका कार्यालयहरूबाट विगतका आ. व. देखि नै संचालनमा रहेको रूख/जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको बिरूवा उत्पादन हुने नर्सरीमा हुने नियमित मर्मत/स्तरोन्नती तथा नयाँ नर्सरी निर्माणको लागि यो क्रियाकलापको विनियोजित बजेट खर्च गरिनेछ । खर्च अनुमान गर्दा प्रचलित स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम गर्नुपर्नेछ। नर्सरीमा बेड तयारी, सिचाईको स्थायी व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारबार वा पर्खाल, ओभरहेड वाटर टैंक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक बेडमा पाईप जडान गरी स्पिरिङकल सिचाईको व्यवस्था, विजुली बत्ती, प्रजातिको नाम प्लेट बोर्ड आदि कार्यहरू गर्न सकिनेछ। नर्सरी निर्माण तथा मर्मत/ स्तरोन्नती गर्दा गरिएका क्रियाकलापहरुको स्पष्ट देखिने गरी रजिष्टरको व्यवस्था गरिनु पर्दछ। नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी नामाकरण सहितको होर्डिङ्ग बोर्ड राख्ने व्यवस्था मिलाएको हुनु पर्दछ ।

कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।

- नर्सरी निर्माण, मर्मत/स्तरोन्नती गरिएको स्थान, फोटो तथा नक्शाहरु विषयगत समेत
- नर्सरी निर्माण, मर्मत/स्तरोन्नती गर्दा लागेको खर्च

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.३३,२५,०००/- (तेतिस लाख पच्चीस हजार मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धी

यस कार्यक्रमबाट रूख/जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको बिरुवा उत्पादन हुने नर्सरीमा हुने नियमित मर्मत/ स्तरोन्नती तथा नयाँ नर्सरी निर्माण भएको हुनेछ ।

३.४९ विरुवाको उत्पादन/खरीद (३११५७)

खाली वनक्षेत्र, सार्वजनिक/ऐलानि/पर्ती र निजी जग्गामा विरुवा रोपी रुखले ढाकेको क्षेत्रको विस्तार गर्नको लागि विरुवा उत्पादन गरी वितरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ । कुन कुन प्रजातिको विरुवाको माग छ सोको यकिन गरी माग अनुसारको प्रजाति र संख्या एकिन गरी विरुवा उत्पादनको योजना तय गर्नु पर्ने छ । कुन प्रजातिका विरुवा उत्पादन गर्ने हो कार्यदिशमै स्पष्ट खुलाउनु पर्नेछ । विरुवा उत्पादन गर्दा माग भएका, गुणस्तरयुक्त र स्थानीयस्तरमा सफल भएका रुखविरुवाका बीउलाई प्राथमिकता दिई छनौट गर्नुपर्नेछ । उत्पादन भएका विरुवा खाली/क्षतिग्रस्त वनक्षेत्र, सार्वजनिक/ऐलानी/पर्ती, निजी जग्गा र विभिन्न महोत्सवहरुमा वृक्षारोपणका लागि वितरण गरिनेछ । साथै गुणस्तरीय विरुवा उत्पादन गर्न मलिलो वनको माटो लगायत उपयुक्त सामग्री तथा प्रविधि प्रयोग गर्नुपर्दछ । विरुवा उत्पादन गर्दा Nursery bed मा अनिवार्य रुपमा प्रजाति अनुसार Tagging, Seed sown date/polybag seddling transplant date अनिवार्य रुपमा राखेको हुनुपर्दछ । त्यसै गरी नर्सरीमा उत्पादन हुने विरुवाहरुको जैविक भौतिक तथ्याङ्कहरु जस्तै seed source, presowing treatment, germination percent, average height of seedlings, तथा नर्सरीमा भएका विरुवाहरुमा गरिएको अन्य सम्पूर्ण गतिविधिहरुको तथ्याङ्कहरुको अभिलेख राख्नु पर्नेछ । एक वर्षिय विरुवा उत्पादनको हकमा न्यूनतम ७"x३" को पोलिब्याग प्रयोग गर्नु पर्दछ । साथै उत्पादित विरुवाहरु वितरण गर्दा प्राकृतिक प्रकोपमा परेका क्षेत्र तथा प्राकृतिक प्रकोप क्षेत्रमा बसोबास गर्ने स्थानीय मानिसहरुलाई पहिलो प्राथमिकतामा राखी विरुवा वितरण गर्नु पर्नेछ ।

यस शीर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधीनमा रही लागत अनुमान स्वीकृत गराई वन प्राविधिकबाट अमानतमा गर्न गराउन सकिने तथा निजी नर्सरीहरुबाट समेत विरुवा खरिद गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा उत्पादित विरुवाहरुको जात, संख्या, वितरणको लगत, रोपण गरिने ठाउँको विवरण, फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र बिल भर्पाई पेश गर्नु पर्नेछ।

जनशक्ति व्यवस्थापन

विरुवा उत्पादन (विभिन्न प्रकारका रुख, गैरकाष्ठ तथा बहुउपयोगी प्रजाति) कार्यक्रम संचालनको लागि सम्बन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयहरुमा रहेका वन प्राविधिक कर्मचारी मार्फत कार्यान्वयन गरिने छ ।

बजेट व्यवस्थापन

प्रदेश सचिव

यो कार्य सम्पन्न गर्न कुल रकम रु. ३०,००,०००/- (तिस लाख मात्र) विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धी**

यस कार्यक्रमबाट वार्षिक २,५०,००० बिरुवाको उत्पादन वा खरीद भई खाली ठाउँमा वृक्षारोपण भएको हुनेछ ।

## ३.५० भूमी व्यवस्थापन र जैविक विविधता संरक्षणका लागि सामग्री, औजार, साना उपकरण सहयोग

यस आयोजनाको कार्यक्षेत्र अन्तर्गतको भूमी व्यवस्थापन र जैविक विविधता संरक्षणका लागि कृषक/स्थानीय समूहको माग अनुसार बजारमा उपलब्ध आधुनिक सामग्री, औजार, साना उपकरण सहयोग कार्यक्रम संचालन गरिने छ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ । यस कार्यक्रममा महिला, आदिवासी/जनजाती, गरिब, दलित, बिपन्न, पिछडिएका वर्ग, सीमान्तकृत सामुदायका मानिसहरुलाई प्राथमिकता दिइने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकतानुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था वाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.१६,६५,०००/- (सोह्र लाख पैंसठ्ठी हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

यस कार्यक्रमबाट भूमी व्यवस्थापन र जैविक विविधता संरक्षणका लागि सामग्री, औजार, साना उपकरण सहयोग भएको हुनेछ।

## ३.५१ पुर्नस्थापना क्रियाकलापहरुको योजना र कार्यान्वयनमा DFOs, CFUGs, LFUGs र CBOs लाई सहयोग गर्ने (३११५७)

बढदो वन विनास, खुला चरिचरण, डढेलो, बाढी पहिरो, भू-क्षय लगायतका कारणले वन क्षेत्र दिन प्रतिदिन क्षति ग्रस्त हुँदै गएका छन । वनसँग जोडिएको वा नजोडिएका सार्वजनिक जग्गा अव्यवस्थित उपयोगले समेत क्षतिग्रस्त हुन पुगेको छ। यस्ता क्षतिग्रस्त वन तथा सार्वजनिक जग्गाहरूको पुर्नउत्थान गरी हरियाली अभिवेद्धि तथा जैविकविविधता संरक्षण गर्नुका साथै उत्पादन तथा उत्पादकत्व बढाइ पुनरूत्थान गर्ने उदेश्यले यो कार्यक्रम राखिएको छ। यस कार्यक्रम अन्तर्गत खाली भएको वन क्षेत्र, अतिक्रमित वन क्षेत्र, क्षतिग्रस्त वन क्षेत्र, सार्वजनिक/ऐलानी/पर्ति जग्गा एवं नदी उकास जग्गामा वृक्षारोपण गर्न सकिनेछ। पुनर्स्थापना क्षेत्र छनोट गर्दा खाली भएको वन क्षेत्र, अतिक्रमित वन क्षेत्र, क्षतिग्रस्त वन क्षेत्रलाई पहिलो प्राथमिकता दिईनेछ। DFOs, CFUGs, LFUGs र CBOs संग स्वीकृत पुनर्स्थापना क्रियाकलापहरुको योजनालाई कार्यान्वयनमा ल्याउन आयोजना सहयोग इकाईहरुबाट आवश्यक समन्वय तथा सहकार्य गरिने छ। वन क्षेत्र बाहेकको हकमा वृक्षारोपण गर्नु अघि जग्गाको स्वामित्व भएको निकाय र संघ संस्था वा समूह बीच संझौता गर्नु पर्नेछ । वृक्षारोपण सफल बनाउन

सम्भव भएसम्म तार/पर्खाल/वासको घेरावेरा, गोडमेल, पुनरोपण, सिँचाई, हेरालु आदिको व्यवस्थापन गर्न सकिनेछ। वस्तीदेखि टाढा रहेका हैसियत विग्रेको राष्ट्रिय वन क्षेत्रमा वृक्षारोपण एवं यसको व्यवस्थापन सेवा प्रदायक संस्था मार्फत समेत गर्न सकिनेछ। यस शीर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधीनमा रही लागत अनुमान स्वीकृत गराई प्रति हेक्टर रू १,५०,०००/- मा नवढने गरी अमानतवाट समेत गर्न गराउन सकिनेछ।

## वृक्षारोपण क्षेत्रको कार्ययोजना

हरेक वृक्षारोपण क्षेत्रको सम्वन्धित सरोकारवालाहरुसँग छलफल गरी कार्ययोजना वनाईनेछ । जसमा वृक्षारोपण क्षेत्रको नक्सासहितको सम्पूर्ण विवरण, वृक्षारोपणको संरक्षण, सम्वर्द्धन एवं सदुपयोगको लागि गरिने कार्यहरुको विस्तृत विवरण उल्लेख गर्नु पर्दछ। कार्ययोजनामा कुन जातका के कति विरुवा कति दूरीमा लगाउने, वन व्यवस्थापन तथा संरक्षणको व्यवस्था के कसरी गर्नुपर्नेछ, वन पैदावारको विक्री वितरणको व्यवस्था के कसरी हुने, लाभको वाँडफाँड कसरी गर्ने आदि सवै कुरा स्पष्टरुपमा उल्लेख हुनु पर्दछ। यसमा सम्वन्धित सरोकारवालाहरुले पेश गरेको कार्ययोजना डिभिजनल वन अधिकृतले स्वीकृत गर्नुपर्नेछ।

## वृक्षारोपण क्षेत्रको संरक्षण

वृक्षारोपण संरक्षणको लागि वारवेरा गर्दा सकेसम्म स्थानीयरुपमा उपलव्ध जैविक सामग्रीहरु जस्तैः सजिवन, निलकाँडा, वाँस आदिको प्रयोग गर्नुपर्दछ र आवश्यकता अनुसार वन हेरालुको समेत व्यवस्था मिलाउनु पर्दछ । जैविक सामग्रीहरवाट वारवेरा गर्न नसिकिने भएमा तारवार समेत लाउन सकिनेछ । वृक्षारोपण क्षेत्रमा वृक्षारोपण कार्यक्रम सम्पन्न भएपछि वृक्षारोपण सम्वन्धी तथ्याङ्कहरु भएको होर्डिङ्ग वोर्ड तयार गरी राखुपर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न वुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- वृक्षारोपण गरिएको क्षेत्रको नाम, ठेगाना र क्षेत्रफल,
- वृक्षारोपण गरिएका प्रजातिहरु र प्रजातिहरु अनुसारको विरुवा संख्या,
- वृक्षारोपण भएको स्थानको फोटो तथा नक्साहरु (वृक्षारोपण हुनु अघि तथा पछिको फोटो समेत),
- स्वीकृत वृक्षारोपण कार्ययोजना ।

## जनशक्ति व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकतानुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था वाट पनि संचालन गर्न सकिने छ।

## बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि वजेट रु. १,०५,६५,०००/- (एक करोड पाँच लाख पैंसट्ठी हजार मात्र) व्यवस्था गरिएको छ ।

## अपेक्षित उपलब्धी

DFOs,CFUGs, LFUGs र CBOs संग स्वीकृत पुर्नस्थापना क्रियाकलापहरुको कार्यान्वयनमा सहयोग भएको हुनेछ ।

## ३.५२ कृषि कार्यका लागि औजार तथा साना उपकरण सहयोग (३११२२)

डिभिजन वन कार्यालयले कृषि ज्ञान केन्द्रको समन्वय तथा सहयोगमा कृषि कार्यमा संग्लन रहेका संघ संस्था वा समूहहरुलाई कृषि प्रविधि मैत्री बनाउन संघ संस्था वा समूहको माग अनुसार बजारमा उपलब्ध आधुनिक कृषि औजार तथा साना उपकरणहरु सहयोग गरिनेछ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिने छ । यस कार्यक्रममा महिला, आदिवासी/जनजाती, गरिब, दलित, विपन्न, पिछडिएका वर्ग, सीमान्तकृत सामुदायका मानिसहरुलाई प्राथमिकता दिइने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २२,६०,०००/- (बाइस लाख साठी हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

यस कार्यक्रमबाट कृषि प्रविधि मैत्री औजार तथा साना उपकरण खरिद भई सम्वन्धित सरोकारवालामा वितरण भएको हुनेछ ।

## ३.५३ मूल्य श्रृंखला र वजार विकासको लागि सामग्री तथा साना उपकरणहरू (३११२२)

डिभिजन वन कार्यालयबाट वनजन्य पैदावारको मूल्य श्रृंखला र वजार विकासको लागि संघ संस्था वा समूहलाई आवश्यक पर्ने वजारमा उपलब्ध आधुनिक सामग्री तथा साना उपकरणहरू उपलब्ध गराउने छ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधि भित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ । यस कार्यक्रममा महिला, आदिवासी/जनजाती, गरिब, दलित, विपन्न, पिछडिएका वर्ग, सीमान्तकृत सामुदायका मानिसहरुलाई प्राथमिकता दिइने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.२९,९५,०००/- (उनन्तिस लाख पन्चानब्बे हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

यस कार्यक्रमबाट मूल्य श्रृंखला र बजार विकासको लागि आवस्यक सामग्री तथा साना उपकरणहरू खरिद भई सम्वन्धित सरोकारवालामा वितरण भएको हुनेछ ।

## ३.५४ दिगो भूमी व्यवस्थापनका उपायहरू लागू गर्न CFUG सदस्यहरू र किसानहरूलाई सहयोग गर्ने (३११२२)

दिगो भूमी व्यवस्थापनका उपायहरु जस्तै SALT, Contour Farming, Alley Croping, Terrace Improvement, Conservation pond, Bund Planting, Gully control and Plugging, Agroforestry जस्ता उपयुक्त विधिहरुको प्रयोग गरी दिगो रुपमा भूमी व्यवस्थापन गर्ने कार्यमा CFUGs, LFUGs का सदस्यहरूलाई आवश्यक पर्ने तथा वजारमा उपलब्ध आधुनिक सामग्री/उपकरण तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ । यस कार्यक्रममा विनियोजित वजेट स्वीकृत नर्म्सको परिधि भित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ । यस कार्यक्रममा महिला, आदिवासी/जनजाती, गरिब, दलित, बिपन्न, पिछडिएका वर्ग, सीमान्तकृत सामुदायका मानिसहरुलाई प्राथमिकता दिइने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि वजेट रु.७१,३०,०००/- (एकत्तर लाख तिस हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

यस कार्यक्रमवाट भूमिको दिगो व्यवस्थापन भएको हुनेछ ।

## ३.५५ स्थानीय तहको सूचना प्रविधि क्षमता र पूर्वाधारलाई सुदृढ गर्ने (२२५१२)

वन, भूमी र जैविक विविधता संरक्षण र सम्वर्धन सम्बन्धी विभिन्न क्रियाकलापहरुलाइ ३४ वटै स्थानीय तहमा संचालनमा रहेको सूचना प्रविधि क्षमता र पूर्वाधार सुदृढ कार्यहरुमा डिभिजन वन कार्यालयबाट भौतिक तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।यस कार्यक्रमको विनियोजित बजेट स्थानीय तहको सूचना प्रविधि शाखाको क्षमता विकासका लागि Computer, Desktop, Printer, Projector आदी उपकरण स्वीकृत नर्म्सको परिधि भित्र रही लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खरीद गरी स्थानीय तहलाई हस्तान्तरण गरी खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता आनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थावाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.२६,६०,०००/- (छब्बीस लाख साठी हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

यस कार्यक्रमवाट ३४ वटा स्थानीय तहको सूचना प्रविधि क्षमता र पुर्वाधारलाई सुदृढ भएको हुनेछ ।

### ३.५६ दिगो वन व्यवस्थापनका लागि औजार तथा साना उपकरण सहयोग (३११२२)

सरकारद्वारा व्यवस्थित वन, समुदायद्वारा व्यवस्थापन गरिएका वन लगायत अन्य सबै प्रकारका वनलाई दिगो व्यवस्थापनका लागि आवश्यक बजारमा उपलब्ध आधुनिक औजार तथा साना उपकरणहरु वन समूहलाई उपलब्ध गराइनेछ। दिगो वन व्यवस्थापनका लागि आवश्यक पर्ने उपकरणहरु जस्तै GPS, Vertex, Increment Borer, Diameter tape, Measuring tape, Range finder, Bow saw, Chain saw, Pruning saw, Bush cutter, विकासे खुर्पा आदि जस्ता अन्य आवश्यक उपकरणहरु स्वीकृत नर्म्स/ स्वीकृत दररेट तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गर्नु पर्नेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधि भित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनकोलागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु.१६,६५,०००/- (सोह्र लाख पैंसठ्ठी हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

यस कार्यक्रमबाट दिगो वन व्यवस्थापनका लागि औजार तथा साना उपकरण सहयोग भएको हुनेछ ।

### ३.५७ CFUG, LFUG को स्थानीय श्रोत व्यक्तिहरु मार्फत कार्य योजना संशोधन (३११५७)

**CFUG** तथा **LFUG** हरूको कार्ययोजनाको अवधि समाप्त भएका र कार्ययोजना पुनरावलोकन/संशोधनको लागि समूहबाट सा. व. को कार्ययोजना नवीकरणको लागि माग भई आएका सामुदायिक वन उपभोक्ता समूहको वन कार्ययोजना नवीकरण गर्न प्रचलित वन ऐन, नियमावली, गैरकाष्ठ वन पैदावारको स्रोत सर्वेक्षण मार्गदर्शन २०६८ तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ (तेश्रो संशोधन) ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पुरा गरेर कार्ययोजना नवीकरण गर्ने कार्यमा वन व्यवस्थपानसँग आवद्ध स्थानीय श्रोत व्यक्तिहरु मार्फत सम्पन्न गर्नुपर्नेछ । कार्ययोजना नविकरण कार्यको सहजीकरण तथा सिफारिस गर्ने काम कम्तीमा रेन्जर वा (सहायकस्तर पाचौं) वन सेवाको प्राबिधिकबाट हुनुपर्नेछ । श्रोत व्यक्ति उपलब्ध नभएमा वन कर्मचारी तथा परामर्शदाताबाट यो कार्यक्रम गर्न सकिने छ । यसका लागि सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन २०६१ अनुसार GPSबाट मार्गदर्शनमा उल्लेखित विधि बमोजिम गरी सामुदायिक वनको वन स्रोत सर्वेक्षण गर्नु पर्दछ । साथै सो कार्ययोजनामा वनको नक्सा सहित अन्य Thematic नक्साहरु समेत समावेश गर्नुपर्नेछ । कार्ययोजना निर्माणको लागि वन स्रोत सर्वेक्षण, नक्सा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, इन्धन, संचार र कार्ययोजना तयारीको लागि टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ । समुदायमा आधारित प्रत्यक वन कार्ययोजना नवीकरणका लागि रु. २५,०००/- बिनियोजन गरिएको छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनकोलागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता आनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्था वाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. २६,६०,०००/- (छब्बिस लाख साठी हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

१०५ वटा सामुदायिक वन उपभोक्ता समूहहरुको सामुदायिक वन कार्ययोजना नवीकरण भएको हुनेछ ।

### ३.५८ गरिबहरुको लागि जीविकोपार्जन सुधार योजना (LIP) को तयारी र कार्यन्वयनमा CFUG लाइ सहयोग गर्ने (३११५७)

सामुदायिक वन उपभोक्ता समूह भित्र गरिवी रेखा मुनि रहेका सदस्यहरुको पहिचान गरी त्यस्ता सदस्यहरुको आवश्यकता र चाहनाको आधारमा समूह निर्माण गरिने साथै उक्त समूहलाई जीविकोपार्जनमा सुधार ल्याउने प्रयोजनार्थ जीविकोपार्जन सुधार योजना (LIP) तयार गरी सो को कार्यान्वयन सम्मका कार्यहरुमा सहयोग गर्ने कार्य डिभिजन वन कार्यालयबाट गरिनेछ। जीविकोपार्जनमा सुधार ल्याउने क्रियाकलापहरु जस्तै कृषि-वन प्रणाली, जडिबुटी तथा गैरकाष्ठ खेति, पशुपालन, तरकारी तथा फलफूल खेती आदी कार्यक्रमहरु संचालन गरिनेछ। प्रत्येक जीविकोपार्जन सुधार योजना (LIP) तयारका लागि रु. १०,०००/- र बाँकी रकम उक्त योजना कार्यान्वयनमा खर्च गरिनेछ। यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधि भित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता आनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. १,१९,८०,०००/- (एक करोड उन्नाइस लाख असी हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

६० वटा सामुदायिक वन उपभोक्ता समूहहरुको गरिबहरुको लागि जीविकोपार्जन सुधार योजना (LIP) तयार भएको हुनेछ ।

### ३.५९ ठोस फोहर व्यवस्थापन र वातावरणीय सरसफाई सम्बन्धि स्थानीय तहहरु संग क्षमता अभिवृद्धि कार्यक्रम (२२५१२)

आयोजनाको क्षेत्रमा वातावरण तथा जैविक विविधता संरक्षण र व्यवस्थापनका लागि ठोस फोहरहरूको सिर्जना र सोको उपयुक्त व्यवस्थापनको विषय अत्यन्तै महत्त्वको रूपमा अगाडि बढिराखेको छ । यसै सन्दर्भमा आयोजनाको कार्य क्षेत्रमा छनोट गरिएका स्थानीय तहहरूलाई ठोस फोहर व्यवस्थापनसँग

सम्बन्धित विषयमा संस्थागत रूपले काम गरिरहेका सङ्घ, संस्था वा निजी क्षेत्रसँग समन्वय गराई त्यसका लागि आवश्यक अभिमुखीकरण र क्षमता अभिवृद्धि गर्नका लागि यो क्रियाकलाप सञ्चालन गरिने छ ।

यस आयोजनाको कार्यक्षेत्र अन्तर्गतको स्थानिय तहको कर्मचारीहरुलाई ठोस फोहर व्यवस्थापन र वातावरणीय सरसफाई सम्बन्धि तालिम संचालन गरिने छ। यो कार्यक्रम संचालन गर्नका लागि यस शीर्षकमा बिनियोजित रकम तालिम सामग्री खरिद, सहभागीहरुको दैनिक भत्ता, खाजा/खाना खर्च, यातायात, हल भाडा, प्रशिक्षक भत्ता लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ। यस कार्यक्रममा महिला, आदिवासी/जनजाती, गरिब, दलित, बिपन्न, पिछडिएका वर्ग, सीमान्तकृत सामुदायका मानिसहरुलाई प्राथमिकता दिइने छ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि डिभिजन वन कार्यालयको कर्मचारीहरु परिचालन हुनेछ । आवश्यकता आनुसार यो कार्यक्रम परामर्शदाता वा सेवा प्रदायक संस्थाबाट पनि संचालन गर्न सकिने छ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. १५,००,०००/- (पन्द्र लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धी**

यस कार्यक्रमबाट ठोस फोहर व्यवस्थापन र वातावरणीय सरसफाई सम्बन्धि स्थानीय तहहरु संग क्षमता अभिवृद्धि कार्यक्रम भएको हुनेछ ।